मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३०९ ★ ने. सं. ११४६ थिंला थ्व, सप्तमी ★ बिहीबार ★ ११ मङ्सिर, २०८२ ★ November 27, 2025, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## भारतमा नयाँ श्रम संहिताविरुद्ध हजारौँ श्रमिकको देशव्यापी प्रदर्शन




मुम्बई, १० मङ्सिर (एएफपी)। भारत सरकारले लागु गरेको नयाँ श्रमसंहिताविरुद्ध देशभरका हजारौँ ट्रेड युनियन तथा कामदारहरूले बुधबार व्यापक विरोध प्रदर्शन गरेका छन् । युनियनहरूले नयाँ कानुनले श्रमिकहरूको हासिल गरिएका अधिकारहरू कमजोर पार्ने, कर्पोरेट शोषणलाई बढावा दिने र दीर्घकालीन श्रम सुरक्षालाई चुनौती दिने आरोप लगाएका छन् ।

भारतजस्तो विश्वको पाँचौँ ठुलो अर्थतन्त्रले गत हप्ता लामो समयदेखि प्रतीक्षित श्रम सुधार लागु गरेको थियो, जसले औपनिवेशिक कालका श्रम कानुनहरूलाई प्रतिस्थापन गर्दै जटिल नियमन प्रणालीलाई सरल बनाउने उद्देश्यमध्ये रहेको बताइएको छ ।

नयाँ सुधारले २९ विद्यमान श्रम कानुनलाई चार प्रमुख कोडमा समेटिएको छ, जसका कारण एक हजार ४०० भन्दा बढी नियम घटेर करिब ३५० मा सीमित भएका छन् । तर श्रमिक सङ्गठनहरूले भने सुधारको संरचनाले मजदुर हितमाथि प्रहार गरेको दाबी गरेका छन् ।

न्यु ट्रेड युनियन इनिसिएटिभका नेता गौतम मोदीका अनुसार विभिन्न क्षेत्रका श्रमिकहरूले कारखानाबाहिर र सहरका प्रमुख स्थानहरूमा प्रदर्शन गर्दै सरकारप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उहाँले भन्नुभयो, "मजदुरहरूलाई सरकारले अन्धो बनाएको छ, हामी कानुनअगाडि निष्पक्षता, न्याय र समानता चाहन्छौँ; जुन नयाँ संहिताले अस्वीकार गरेको छ ।"

नयाँ नियमावलीले सुरक्षा मापदण्ड बलियो बनाउने तथा गिग (अस्थायी) कामदारहरूलाई सामाजिक सुरक्षाका केही लाभ सुनिश्चित गर्ने व्यवस्था गरे पनि यसले कारखाना सिफ्ट लामो बनाउने, हडताल गर्ने प्रक्रिया जटिल बनाउने र मध्यम आकारका उद्योगमा कामदार बर्खास्त गर्न सजिलो बनाइदिने प्रावधान सामेल गरेको युनियनहरूको आरोप छ ।

विशेष रूपमा विवादास्पद प्रावधानमध्ये एकले १०० भन्दा बढी कर्मचारी भएका कम्पनीहरूले छटनी गर्ने विषयमा सरकारको अनुमति लिनुपर्ने पुरानो सीमा ३०० मा पुऱ्याएको छ । यसले ३०० जनासम्म कर्मचारी भएका कम्पनीहरूलाई बिनास्वीकृति छटनी गर्न सजिलो बनाउनेछ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको विरोधी दलसँग सम्बद्ध ट्रेड युनियनहरूले यस कदमलाई 'देशको श्रमजीवी वर्गविरुद्धको भ्रामक ठगी' भन्दै कडा आलोचना गरेका छन् । सेन्टर अफ इन्डियन ट्रेड युनियन (सिटु) ले जारी गरेको विज्ञप्तिमा सरकारले यी संहिताहरूलाई 'मजदुर-मैत्री' र 'आधुनिकीकरण' का रूपमा प्रस्तुत गर्न खोजेको भए पनि वास्तविकता भने 'स्वतन्त्रतादेखि हासिल गरिएका श्रमिक अधिकारहरूको सर्वाधिक आक्रामक कटौती' भएको आरोप लगाइएको छ । युनियनका अनुसार यसको मुख्य उद्देश्य कर्पोरेट स्वार्थलाई सहज बनाउनु, ठेक्का प्रथालाई विस्तार गर्नु र 'हायर-एन्ड-फायर' प्रणालीलाई निर्बाध रूपमा बढावा दिनु हो ।

बाँकी पृष्ठ २ मा

## फर्जी उपाधि प्रयोग गरी पद प्राप्त गरेको आरोपमा चार प्राध्यापकविरुद्ध आरोपपत्र दायर

काठमाडौँ, १० मङ्सिर । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विद्यावारिधि (पीएचडी) उपाधि नपाइकन झूटो विवरणको आधारमा त्रिभुवन विश्वविद्यालयको सहपरीक्षा नियन्त्रक बनेको आरोपमा त्रिविअन्तर्गतका चार प्राध्यापकविरूद्ध विशेष अदालत, काठमाडौँमा बुधबार आरोपपत्र दायर गरेको छ ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चल, विराटनगरका सहपरीक्षा नियन्त्रक डिल्लीराम प्रसाईंले उपाधि नपाइकन आफूलाई विद्यावारिधिधारीका रूपमा प्रस्तुत गरी पद तथा सुविधा प्राप्त गरेको आयोगको आरोप छ ।


सहपरीक्षा नियन्त्रक छनोट समितिका संयोजक प्रा.डा. जयालक्ष्मी प्रधान तथा सदस्य प्रा. डा. मोतीलाल शर्मा र प्रा.डा. मेघराज पोखेलले प्रसाईंसँग मिलेमतो गरी परीक्षा परिणाम गणनामा अनियमितता गरेको, मापदण्डविपरीत अङ्क प्रदान गरेको र झूटो विवरणका आधारमा नियुक्ति सिफारिस गरेको आयोगको आरोपपत्रमा उल्लेख छ ।

अनुसन्धानको क्रममा प्रसाईंले आवेदन दिने समयमा विद्यावारिधि उपाधि प्राप्त भएको भनी झूटो कागजात पेस गरेको, मौखिक परीक्षा रोकिएको अवस्थामा नै उपाधि प्राप्त भएको दाबी गरेको र सोही आधारमा अतिरिक्त अङ्क पाई अन्तिम नामावलीमा परेको पुष्टि भएको आयोगले जनाएको छ ।

त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयले २०८१ साउन १७ र २२ गते सो पदका लागि सूचना प्रकाशित गरेको थियो । त्यसअनुसार तीन सदस्यीय समितिले प्रसाईंलाई विद्यावारिधि शीर्षकको आठ अङ्क प्रदान गरी २०८१ मङ्सिर १९ गतेदेखि लागू हुने गरी नियुक्ति सिफारिस गरे पनि प्रस्तुत कागजातको आधिकारिकता जाँच नगरेको आयोगको निष्कर्ष छ ।

प्रसाईंले नपाएको 'डा.' उपाधिको प्रयोग विभिन्न कागजात, नेमप्लेट, क्यालेन्डर तथा विदेश सेमिनारसम्बन्धी प्रमाणपत्रमा गरेको पाइएको आयोगले जनाएको छ । आयोगले समितिका संयोजक तथा सदस्यहरूविरूद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ तथा १९(२०) बमोजिम र प्रसाईंविरूद्ध दफा १६, १७(१०) र २४ बमोजिम सजाय माग गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।

*व्यङ्ग्यचित्रको कुनो*




एच.आई.भी/एड्स रोगबाट बचौँ र बचाऔँ ।

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔँ ।
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौँ ।
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौँ ।
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौँ ।
- समयसमयमा एच.आई.भी/एड्सलगायतको परीक्षण गरौँ ।
- एड्स सङ्क्रमित व्यक्तिलाई सम्मान र माया गरौँ ।
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो ।
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसँग सम्पर्क गरौँ ।

सावधानी अपनाऔं । स्वस्थ रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## वागीश्वरी कलेजको १३ औँ र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको प्रथम कलेज सभा सम्पन्न

भक्तपुर, १० मङ्सिर । वागीश्वरी कलेजको १३ औँ र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको पहिलो कलेज सभा छुट्टाछुट्टै रूपमा बुधबार सम्पन्न भयो । दुवै सभाको सभापतित्व कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभएको थियो ।

सभामा प्रमुख प्रजापतिले निकै कठिन अवस्थाबाट गुज्रँदै वागीश्वरी कलेजले हालसम्म गरेको प्रगति हामी भक्तपुरवासीहरूकै लागि गौरव गर्नलायक भएको बताउनुभयो ।

दुवै कलेजले गरेको प्रगतिको लागि कलेज सभाका सम्पूर्ण सदस्यहरूको सहयोग सदा स्मरणीय रहने बताउँदै उहाँले वागीश्वरी कलेजको विधान संशोधन र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको नयाँ व्यवस्थापन समिति गठनमा दिएको सहमतिप्रति हार्दिक आभार प्रकट गर्नुभयो ।

सभामा विशेष अतिथि वाग्मती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईले देश वर्तमान नाजुक अवस्थामा पुग्नुको सम्पूर्ण दोष शासक दलका पार्टी र त्यसका नेताहरू मात्र नभई प्राध्यापक, बुद्धिजीवी पनि उत्तिकै जिम्मेवार रहेको बताउनुभयो ।

बाँकी पृष्ठ २ मा

## निर्वाचनको लागि दलले निवेदन दिने समय चार दिन थपियो

काठमाडौँ, १० मङ्सिर । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि राजनीतिक दलले निवेदन दिने समय चार दिन थप्ने निर्णय गरेको छ ।

यसअघिको स्वीकृत कार्यक्रमअनुसार मङ्सिर १ गतेदेखि मङ्सिर १० गतेसम्मका लागि सो समय दिइएकोमा विभिन्न पक्षको आग्रहमा आयोगको बुधबारको बैठकले चार दिन समय थप्ने निर्णय गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

आयोगमा दर्ता कायम रहेका ठुलालगायत नयाँ-पुराना अधिकांश दलले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रयोजनको लागि निवेदन दिइसकेका छन् । आयोगमा हाल दर्ता कायम रहेका १३२ दलमध्ये ८० दलले निर्वाचनमा भाग लिन निवेदन दिइसकेका छन् । यो निर्वाचनको पहिलो हुने निर्वाचित हुने ( प्रत्यक्ष) तर्फमा उम्मेदवारको मनोनयन आगामी माघ ६ गते हुने कार्यक्रम रहेको छ । प्रतिनिधिसभा निर्वाचनको मिति आउन अब ९९ दिन बाँकी रहेको छ ।

यसैगरी आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनको तयारी पनि सँगसँगै गरेको छ ।



**त्रिवि साधारणसभा बैठकका सहभागी**
कीर्तिपुरमा बुधबार त्रिभुवन विश्वविद्यालयको साधारणसभा सहभागी हुनुहुँदै प्रधानमन्त्री सुशीला कार्कीलगायत । तस्बिर : रासस

# त्रिवि रङ्गशालामा सुविधा र प्रविधिमा प्रभावकारी व्यवस्थापन भएको दर्शकको भनाइ

कीर्तिपुर (काठमाडौँ), १० मङ्सिर । कीर्तिपुरस्थित त्रिवि क्रिकेट रङ्गशालामा जारी नेपाल प्रिमियर लिग ( एनपिएल) हेर्न पुगेका दर्शकले सुविधा र प्रविधिमा दोस्रो संस्करणको व्यवस्थापन प्रभावकारी रहेको प्रतिक्रिया दिएका छन् । दर्शकले खाद्य स्टल, शौचालयलगायत सुविधाको भने उचित व्यवस्थापन हुन नसकेको गुनासो गरेका हुन् ।

रङ्गशाला १० हजार दर्शक अट्ने क्षमताको प्यारापिटसहित अन्तर्राष्ट्रियस्तरको निर्माण भएको छभने 'फ्लडलाइट' का कारण राति पनि खेल सम्भव भएकाले एनपिएलको उत्साह थपिएको कैलालीको टीकापुरबाट खेल हेर्न आउनुभएका सुदूरपश्चिम रोयल्सका समर्थक विशाल जोशीले बताउनुभयो । बास्न, हेर्न र दर्शनको क्षमतामा वृद्धि भए पनि चिया, पानी र शौचालयको भने उचित व्यवस्थापन हुन नसकेको उहाँको गुनासो छ ।

दर्शकले सुविधा र प्रविधिका हिसाबले दोस्रो संस्करण उच्चस्तरको भएको बताउँदै आगामी दिनमा व्यवस्थित खाद्यस्टल तथा शौचालयको सुविधा थप गर्नुपर्नेमा जोशीले जोड दिनुभयो । "पोहोर गेटबाट प्रवेश गर्न पनि असहज थियो । दर्शकको घुइँचो व्यवस्थापन कमजोर हुँदा, धक्का खाँदै धुलैधुलो भएर खेल हेर्ने ठाउँ खेज्नुपर्थ्यो । बस्ने स्थान चिसो हुँदा कागज ओछ्याएर बस्नुपर्ने बाध्यता थियो । यसपालि सुरुदेखि नै व्यवस्थित छ, आरामले सिटमा बसेर हेर्न पाइएको छ", उहाँले भन्नुभयो ।

पोहोरको तुलनामा सुरक्षा व्यवस्थापन, पार्किङलगायतको व्यवस्थापन पनि सहज भएको जोशीले बताउनुभयो । शौचालयको पर्याप्त व्यवस्था नहुँदा, पानी र खाजागायतका लागि खाद्यस्टल नभएकाले केही अप्ठ्यारोमा पर्ने गरेको उहाँले प्रतिक्रिया दिनुभयो । "पहिलो दिन त पानीको व्यवस्थासमेत थिएन, दर्शकले आवाज उठाएपछि दोस्रो दिनदेखि पानी भने पाइयो", उहाँले थप्नुभयो ।

भित्र केही सुविधासम्पन्न रेस्टुराँका स्टल रहे पनि अधिकांश दर्शकका लागि महँगो हुने उहाँले बताउनुभयो । आफूले समर्थन गरेको सुदूरपश्चिमको खेल अहिलेसम्म राम्रो रहेको भन्दै उहाँले खुसी व्यक्त गर्नुभयो ।

एनपिएल हेर्न सात वर्षको छोरासहित कीर्तिपुर पुग्नुभएकी शान्ति शाहले पोहोरको तुलनामा टिकट बिक्री छिट्टै भएकाले रोजेको टिमको खेल हेर्न नपाएको गुनासो गर्नुभयो । पोहोर आफूले उभिएर हेर्नुपरेको सम्झदै उहाँले यसपटक भने सपरिवारले सहज रूपमा अवलोकन गर्न पाइरहेको प्रतिक्रिया दिनुभयो ।

कर्णाली एक्सका समर्थक राजेश रानाले गत वर्षजस्तो चौरको चिसोमा बसेर खेल देख्नुपरेको बताउनुभयो । रङ्गशाला अन्तर्राष्ट्रियस्तरमा पुगेकाले पोहोरकोभन्दा प्रभावकारी व्यवस्थापन गरिँदा यसपटक खेल हेर्न सहज हुनुका साथै दर्शक पनि बढेका उहाँको भनाइ छ । "टिकटको मूल्य बढेको भए पनि वितरण र रङ्गशालामा प्रवेश गराउने प्रक्रियासमेत व्यवस्थस्थित छ", उहाँले भन्नुभयो ।

एनपिएल हेर्नका लागि जुम्लाबाट कीर्तिपुर आउनुभएका तरुण काफ्लेले पोहोरभन्दा उत्कृष्ट व्यवस्थापन भएको प्रतिक्रिया दिनुभयो । "पोहोर यत्तिको व्यवस्था थिएन । टिकट ब्ल्याकमा बिक्री हुने र जो सुकै पनि छिर्न सक्ने अवस्था थियो । अहिले सुरक्षासहित टिकट बिक्रीवितरण पनि प्रभावकारी रूपमा भइरहेको छ", उहाँले भन्नुभयो । *(रासस)*

# विश्वकप क्रिकेटको खेल तालिका सार्वजनिक

काठमाडौँ, १० मङ्सिर । सन् २०२६ मा हुने आइसिसी टी–२० विश्वकपको खेल तालिका सार्वजनिक भएको छ । अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सहभागी २० टोलीलाई चार समूहमा विभाजन गर्दै खेल तालिका सार्वजनिक गरेको हो ।

भारत र श्रीलङ्कामा हुने आइसिसी टी–२० विश्वकप आगामी फेब्रुअरी ७ देखि मार्च ८ सम्म सञ्चालन हुनेछ । सार्वजनिक तालिकाअनुसार नेपाल समूह 'सी' मा रहेको छ । नेपालका सबै खेल भारतको मुम्बईमा राखिएका छन् । नेपालको समूहमा वेस्ट इन्डिज, इङ्ल्यान्ड, बङ्गलादेश र इटाली छन् । वेस्ट इन्डिज र इङ्ल्यान्ड दुवै दुईदुई पटकका विश्वविजेतासमेत हुन् ।

नेपालको पहिलो खेल आगामी फेब्रुअरी ८ तारिखमा मुम्बईस्थित वान्खडे रङ्गशालामा इङ्ग्ल्यान्डसँग हुनेछ । यस्तै नेपालको दोस्रो खेल फेब्रुअरी १२ मा इटाली, तेस्रो फेब्रुअरी १५ मा वेस्ट इन्डिज र चौथो फेब्रुअरी १७ मा बङ्गलादेशसँग हुने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ ।

क्यानका अध्यक्ष चतुरबहादुर चन्दले केही साताअघि आइसिसी अध्यक्ष जय शाहलाई भारतको नयाँदिल्लीमा भेटेर नेपालका खेलहरू भारतमा राखिदिन आग्रहसमेत गर्नुभएको थियो । उक्त आग्रहलाई स्वीकार गर्दै नेपालका सबै खेल भारतमा राखिएका अध्यक्ष चन्दले बताउनुभयो ।

***भारतमा...***

भारत हाल विश्वको सबैभन्दा तीव्रगतिमा वृद्धि भइरहेको ठुला अर्थतन्त्रमध्ये एक भए पनि गत वर्षको आर्थिक सुस्तीले वृद्धि दरलाई आठ प्रतिशतभन्दा तल झारिदिएको थियो, जुन लाखौँ राम्रो रोजगारी सिर्जना गर्न आवश्यक मानिन्छ । यसैबिच, भारतले रुसी तेल खरिद गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएको कडा करले देशको ऊर्जा सुरक्षामाथि समेत नयाँ चुनौती खडा गरेको विश्लेषकहरूको मूल्याङ्कन छ ।

नोमुराका विश्लेषकहरूले हालै जारी मूल्याङ्कनमा श्रम सुधारलाई 'असमान, जटिल र अनुपालन–गहन श्रम संरचना सुधार गर्ने प्रयास' का रूपमा व्याख्या गर्दै यसलाई 'भारतमा व्यापार गर्न सजिलो नहुने मुख्य चुनौतीहरूमध्ये एक' समाधान गर्ने कदमको रूपमा उल्लेख गरेका छन् । तर, विश्लेषकहरूले यसलाई सरकारको तीव्र आर्थिक सुधार नीति, विशेषत: ट्रम्प प्रशासनको ५० प्रतिशत भन्सार शुल्कको सन्दर्भमा, थप अस्थिरता ल्याउने व्यापक प्रवृत्तिको हिस्सा भएको बताएका छन् ।

# पर्यटकलाई दु:ख दिएको र लुटपाटको आरोपमा १३ जना पक्राउ

काठमाडौँ, १० मङ्सिर । विदेशी पर्यटकलाई अनावश्यक दु:ख दिएको र लुटपाटमा संलग्न रहेको आरोपमा नेपाल प्रहरीले १३ जनालाई पक्राउ गरेको छ ।

प्रहरी वृत्त लैनचौरबाट खटिएको टोलीले ठमेल क्षेत्रमा घुम्न आएका विदेशी पर्यटकलाई अनावश्यक हैरानी दिने, लुटपाट गर्ने, जबरजस्ती यौनजन्य क्रियाकलापमा संलग्न गराएको आरोपमा गएराति उनीहरूलाई पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा काभ्रेका १९ वर्षीय बादल तामाङ, बाजुराका २२ वर्षीय गणेश नाथ, तनहुँका २४ वर्षीय विशाल थापामगर, सिन्धुलीका २० वर्षीय गणेश तामाङ, सर्लाहीका १९ वर्षीय सागर मगर, सुनसरीका २२ वर्षीय रमेश क्षेत्री, दोलखाका १९ वर्षीय विशाल नेपाली, रामेछापका २१ वर्षीय मिलन नेपाली, बाँकेका २३ वर्षीय अभिषेक थापा, काभ्रेका २२ वर्षीय सञ्जय लामा, दाङकी २० वर्षीया प्रतिमा डाँगी र दाङकै २१ वर्षीया प्रमिला पुनमगर छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले स्वदेशी तथा विदेशी पर्यटकलाई दु:ख दिने तथा लुटपाटमा संलग्न रहेकाले उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

पक्राउ परेकालाई प्रहरीले अभद्र व्यवहारको कसुरमा जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट चार दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको जनाएको छ ।

***वागीश्वरी...***

नयाँ पुस्तालाई पनि देश, समाज र जनताप्रति जिम्मेवार बनाउने प्रयास गर्न आग्रह गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने सोच साकार पार्न दुवै वागीश्वरी कलेजले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो ।

सभामा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ र वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले कलेजको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

सभामा सभासद्‌हरूले प्रस्तुत प्रतिवेदनमाथि टीकाटिप्पणी गर्नुभएको थियो । प्रतिवेदन संशोधनसहित पारित गरिएको थियो ।

# गत वर्ष रोकिएको बाघ गणना आगामी पुस १ गतेदेखि

चितवन, १० मङ्सिर । आगामी पुस १ गतेदेखि बाघ गणना थालिने भएको छ । पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना गर्न लागिएको हो ।

तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । हरेक चार–चार वर्षमा बाघ गणना गरिँदै आएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यका अनुसार पुस, माघ र फागुन गरी तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । उहाँका अनुसार सुरुमा चितवन र पर्सालाई एउटा कम्प्लेक्स बनाएर यहाँबाट गणना थालिने छ । यो कम्प्लेक्समा तीन वटा ब्लक रहने छन् ।

ती ब्लकभित्र दुई वर्गकिलोमिटर क्षेत्रमा एक जोडी क्यामेरा जडान गरिने छ । यसलाई ग्रीड भनिन्छ । यसमा क्यामेरा १५ रात राखेपछि अर्को ग्रीडमा सारिने छ । दोस्रो कम्प्लेक्स बाँके र बर्दीया राष्ट्रिय निकुञ्जलाई बनाईएको छ । त्यहाँ भित्र पनि तीन वटा ब्लक हुने छन् । तेस्रो कम्प्लेक्स शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालझण्डी हुनेछ । यो एउटै ब्लक बनाइने उहाँले जानकारी दिनुभयो ।

निकुञ्ज विभागले सरकारी निकाय र दातृ निकायहरूसँग भएका एक हजार १०० क्यामेरा गणनामा प्रयोग गर्न लागेको आचार्यले जानकारी दिनुभयो । क्यामेरा पुरानै प्रयोग गरिने भएकाले गणनामा रु. दुई करोड ५० लाख हाराहारी खर्च हुने अनुमान छ । सरकारी र दातृ निकायहरूको सहयोगमा गणना गर्न लागिएको हो ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ वटा वयस्क बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएको थियो । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तका अनुसार बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेराहरू राखिने छ । ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ । बाघहरूको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुट्याइने उहाँले जानकारी दिनुभयो । हरेक बाघको पाटा फरक–फरक हुने गर्दछन् ।

बाघ गणना सम्पन्न भए पछि गैँडा गणना गर्ने तयारी छ । गत वर्ष गैँडा गणना गर्ने कार्यक्रम बजेट अभावका कारण रोकिएको थियो । हरेक चार/चार वर्षमा गैँडा गणना गरिँदै आएको थियो । गत वर्ष गर्न नसकिएको गैँडा गणना यस वर्ष फरक विधिबाट गर्ने तयारी निकुञ्ज विभागको रहेको छ । *(रासस)*

# महावाणिज्य दूतावास कोलकताको क्षेत्राधिकार सीमित हुँदा समन्वयमा समस्या

कोलकता (भारत), १० मङ्सिर । नेपालका आयातकर्ताले भारतको कोलकता र हल्दिया पोर्टबाट स्थलमार्ग हुँदै कन्टेनरमा समान ओसार्दा भारतको झारखण्ड र विहार राज्यमा विभिन्न समस्या झेल्दै आइरहेका छन् ।

तेस्रो मुलुकबाट समुन्द्रीमार्ग हुँदै आयात भएका सामान वीरगञ्जमा रेल्वेऱ्याक वा ट्रक/कन्टेनरमा ढुवानी गरेर ल्याउने गरिन्छ । नेपालका आयातकर्ताले स्थलमार्ग हुँदै ल्याउने सामानमा विशेष गरी झारखण्ड र विहार राज्यका प्रहरीलाई अत्यधिक भारवाहन र कन्टेनरको उचाइ बढी भएपछि जरिवाना तिर्नुपर्नेलगायत समस्या रहेका छन् । वीरगञ्जका उद्योगी/व्यवसायीले पनि स्थलमार्ग हुँदै मालवाहक सवारीसाधन ल्याउँदा विभिन्न ठाउँमा उल्झान बेहोर्नुपरेको गुनासो गर्दै आइरहेका छन् ।

नेपाल कार्गो ह्यान्डिलिङ एजेन्ट एसोसिएसन कोलकाताका सचिव महेन्द्रकुमार दुगडले कोलकता हुँदै वीरगञ्ज भन्सार कार्यालयसँग मालवाहक ट्रक ढुवानी गर्दा विहार र झारखण्ड राज्यमा भारतीय प्रहरीबाट झन्झट बेहोर्नुपरेको गुनासो गर्नुभयो ।

"स्थलमार्गबाट मालवाहक सामान लैजाँदा भारतको झारखण्ड र विहारमा प्रहरीबाट विभिन्न किसिमका दण्ड जरिवाना लगाउने प्रवृत्तिको अन्त्य हुन जरुरी देखिएको छ", उहाँले भन्नुभयो, "कहिले मालवाहक ट्रकको तौल बढी भयो, कहिले कन्टेनरको उचाइ बढी भयो भन्दै विभिन्न बाहाना बनाएर कारबाहीमा पर्ने गरेका छन् । त्यस्ता खालका समस्या समाधान हुन जरुरी छ ।"

नेपाली महावाणिज्य दूतावास कोलकताका महावाणिज्यदूत झक्कप्रसाद आचार्यले नेपालका व्यापारी तथा व्यवसायीको ट्रक र कन्टेनरमार्फत मालसमान ढुवानी गर्दा भारतको झारखण्ड र विहार राज्यमा बेलाबखत समस्या भोग्नुपरेको गुनासो आइरहेको बताउनुभयो ।

"नेपालका व्यापारीले स्थलमार्ग हुँदै समान ढुवानी गर्न झारखण्ड र विहार राज्यमा मालवाहक सवारीसाधनको तौल बढी भएको तथा उचाइ बढी भएका गुनासा आइरहेका छन्", उहाँले भन्नुभयो, "महावाणिज्य दूतावासलाई भारतको पश्चिम बङ्गाल राज्यभित्रको मात्रै क्षेत्राधिकार तोकिएकाले पनि फरक राज्यमा समन्वय र सहकार्य गर्न अप्ठेरो भइरहेको छ । यद्यपि हामीले आफ्नोतर्फबाट गर्नुपर्ने समन्वय गरिरहेका छौँ ।"

नेपालले तेस्रो मुलुकबाट आयात गर्ने सामान समुद्रीमार्ग हुँदै कोलकता र हल्दिया पोर्ट हुँदै स्थलमार्गबाट करिब ८०० किलोमिटरको दूरीमा रहेको छ । त्यस्तै ती दुवै पोर्टबाट रेल्वेऱ्याकबाट पनि मालसामान ढुवानी गर्न सकिन्छ ।

महावाणिज्यदूत आचार्यले नेपालका लागि विश्वभरबाट समुद्रीमार्ग हुँदै आउने आयातित वस्तुहरू सहज रूपमा ढुवानी गर्न महावाणिज्य दूतावासले व्यापारमा सहजीकरण गर्दै आइरहेको बताउनुभयो । "तेस्रो मुलुकबाट समुद्रीमार्ग हुँदै आउने तथा कोलकाता र हल्दिया बन्दरगाह हुँदै आउने सामानलाई सहजीकरण मात्रै नभएर आवश्यक समन्वय पनि गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "कोलकतास्थित भारतीय निकायसँग समन्वय र सहकार्य गरेर नेपाली आयातकर्ताको सामान सहज र प्रभावकारी रूपले व्यवस्थापन गर्ने प्रयत्न गर्दै आइरहेका छौँ ।"

कोलकता पोर्ट हुँदै ६० प्रतिशत मालवाहक सामान रेल्वेऱ्याकमार्फत कन्टेनर ल्याइन्छ भने ४० प्रतिशत मालवाहक सामान ट्रकमा ओसार्ने गरिन्छ । महावाणिज्यदूत आचार्यले कोलकता महावाणिज्य दूतावासको क्षेत्राधिकार झारखण्ड, विहार र आन्द्रा प्रदेशमा अवस्थित विशाखापट्नमसम्म वृद्धि गर्न आवश्यक भएको बताउनुभयो ।

## सङ्क्षिप्त समाचार

# स्थापना दिवसको अवसरमा प्रशिक्षण

कैलाली, १० मङ्सिर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्किचुहा न.पा. वडा नं.४ अम्मरपुर एकाइ समितिको आयोजनामा नेक्राविसङ्घको स्थापना दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कैलालीका संयोजक रमेशकुमार रावलले नेमकिपा शोषित वर्गलाई राजनीतिक रूपमा सचेत गरी समाजवादी व्यवस्था स्थापना गर्न सङ्घर्षरत रहेको बताउनुभयो ।

उहाँले नि:शुल्क, अनिवार्य र उत्पादन श्रमसँग जोडिएको वैज्ञानिक शिक्षाको लागि नेक्राविसङ्घले सङ्घर्ष गरिरहेको बताउनुभयो ।

नेक्राविसङ्घका पूर्वकेन्द्रीय सदस्य डीएसले नेक्राविसङ्को स्थापनाको औचित्यबारे स्पष्ट पार्दै विद्यार्थीहरू सङ्घमा आबद्ध भई देश र जनताको सेवामा लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

# दैलेखमा कार्यकर्ता भेला

दैलेख, ८ मङ्सिर । नेपाल मजदुर किसान पार्टी महाबुको आठौँ गाउँ सम्मेलन तयारी समितिको आयोजनामा बुधबार कार्यकर्ता भेटघाट भयो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरुङले व्यापक जनताको हित हुने व्यवस्था नआएसम्म कामदार जनताको हित नहुने बताउनुभयो ।

नयाँ व्यक्ति र नयाँ पार्टी राजनीतिमा आउँदैमा विश्वास गर्नुहुन्न; नाम र प्रचारभन्दा व्यवहारको आधारमा जनताको पार्टी छान्नुपर्छ, उहाँले भन्नुभयो ।

नेमकिपा दैलेखका संयोजक जगत ओलीले पार्टीको उद्देश्यअनुसार पार्टी कार्यकर्ता जनताको माझमा जानुपर्ने बताउनुभयो ।

नेमकिपा दैलेखका सल्लाहकार बमबहादुर सिंहले वर्गशत्रुलाई सजिलो हुने काम पार्टी कार्यकर्ताले गर्न नहुने धारणा राख्नुभयो ।

कार्यकर्ता भेटघाटमा दुर्गबहादुर थापा, खेमराज दाहाल, गीता थापामगर, भगिराम थापा, देवान्स मानन्धरले पनि बोल्नुभएको थियो ।

# बुधबारदेखि बन्दीपुर महोत्सव

दमौली (तनहुँ), १० मङ्सिर । पर्यटन प्रवर्द्धनको उद्देश्यका साथ तनहुँ उद्योग वाणिज्य सङ्घको आयोजनामा पर्यटकीय नगर बन्दीपुरमा बुधबारदेखि बन्दीपुर महोत्सव हुँदैछ । 'उद्योग, व्यापार, पर्यटन र कृषिको प्रवर्द्धन : स्थानीय कला र संस्कृतिको संरक्षण' नाराका साथ बन्दीपुर गाउँपालिका-४ टुँडिखेलमा यही मङ्सिर २१ गतेसम्म महोत्सव सञ्चालन हुनेछ ।

महोत्सव दुई लाख पर्यटकले अवलोकन गर्ने र त्यहाँ रु. पाँच करोडबराबरको कारोबार हुने अनुमान गरिएको उद्योग वाणिज्य सङ्घ डुम्रे एकाइ सभापति घनश्याम उपाध्यायले राससलाई बताउनुभयो ।

महोत्सवमा आउने पर्यटकलाई खड्गदेवी मन्दिर, पहाडपानी महादेव, बिन्ध्यवासिनी, थानीमाई, महालक्ष्मी, चामुण्डामाई, भुत्याहा बराहा, सन्तानेश्वर महादेव, मणिमुकुन्द सेन दरबार, टुँडिखेल, रानीवनको भ्रमण गराइने उहाँले जानकारी दिनुभयो ।

त्यसैगरी, महोत्सवमा सहासिक पर्यटन खेल, चट्टान आरोहण, प्याराग्लाइडिङ, सेती जलयात्रा र साइक्लिङिको व्यवस्था गरिएको छ । महोत्सवमा घरेलु तथा हस्तकला, कृषि उपज, सेवामूलक संस्था, होटल रेष्टुराँ, सूचना केन्द्र र सवारीसाधनका प्रदर्शनी एवं बिक्रीकक्ष रहने छन् । ***(रासस)***

# जेन-जी आन्दोलनको क्रममा आगजनी, तोडफोड र लुटपाट गर्ने ४३ जना पक्राउ

चितवन, १० मङ्सिर । जेनजी आन्दोलनका क्रममा जिल्लाका विभिन्न क्षेत्रमा तोडफोड, आगजनी र लुटपाट गर्ने ४३ जनालाई पक्राउ गरी कारबाही गरिएको छ । जिल्ला प्रहरी कार्यालय चितवनले उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार पक्राउ परेकाहरूलाई आपराधिक उपद्रव, चोरी, अभद्र व्यवहार र लागुऔषध मुद्दामा कारबाही गरिएको छ । पक्राउ परेकालाई म्याद थप गरेर अनुसन्धान गरी कसुर अनुसारको कारबाही गरिएको उहाँले बताउनुभयो ।

आन्दोलनका क्रममा सरकारी कार्यालय, निजी घर र व्यावसायिक प्रतिष्ठानहरूमा आगजनी, तोडफोड तथा लुटपाट भएको थियो । आन्दोलनमा घुसपैठ गर्नेहरूलाई कानुनी दायरामा ल्याउने क्रममा पक्राउ गरिएको उहाँले जानकारी दिनुभयो ।

आन्दोलनका क्रममा जिल्लाका ७९ वटा सार्वजनिक संरचना, १६ वटा निजी आवास तथा व्यावसायिक प्रतिष्ठान र तीन वटा पार्टी कार्यालयमा तोडफोड, आगजनी तथा लुटपाट भएको जिल्ला प्रशासन कार्यालय चितवनको तथ्याङ्कमा उल्लेख छ । ***(रासस)***

# दुई सय १३ किलोग्राम गाँजा बरामद

वीरगञ्ज (पर्सा), १० मङ्सिर । विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बलको टोलीले विन्दवासिनी गाउँपालिका-६ बटसौरामा कुन्युभित्र लुकाइराखेको दुई सय १३ किलो गाँजा बरामद गरेको छ ।

गस्तीमा रहेको टोलीले मङ्गलबार उक्त परिमाणको गाँजा बरामद गरेको प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले राससलाई बताउनुभयो । सशस्त्र प्रहरी बलले सीमावर्ती क्षेत्रमा चोरीतस्करी तथा लागुऔषध ओसारपसार हुन नदिन 'इन्टेलिजेन्स लिड अपरेसन' सञ्चालन गरेको छ । ***(रासस)***



**निर्माणाधीन रसुवा भन्सार कार्यालय**

नेपाल र चीनबिचको सीमा नाका रसुवागढीस्थित टिमुरेमा चीन सरकारको सहयोगमा निर्माणधीन रसुवा भन्सार कार्यालयको भवन । भोटेकोसी नदीको बगर नजिकै भन्सार कार्यालयको भवन निर्माणाधीन छ । गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले कार्यालय नजिकैको सुख्खाबन्दरगाह बगाएसँगै भन्सार कार्यालयको भवन निर्माणको कार्य समेत अवरुद्ध भएको छ । तस्बिर : ज्ञानेन्द्र न्यौपाने /रासस

# गण्डकीमा घरबास : स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना र संस्कृतिको जगेर्ना गर्दै

गण्डकी, १० मङ्सिर । मुलुकभित्र पहिलोपटक घरबास (होमस्टे) पर्यटनको सुरुआत भएको गण्डकी प्रदेशअन्तर्गतको स्याङ्जा जिल्लाको शिरुबारी गाउँ हो । पछिल्लो समय प्रदेशका ११ वटै जिल्लाका विशेषत: ग्रामीण भेगका घरबास सञ्चालन भएका छन् । कतिपय स्थानमा घरबास पर्यटनका कारण विगतमा सहर झरेका स्थानीयहरू पुन: गाउँ फर्कन थालेका छन् । घरबासका कारण ग्रामीण क्षेत्रका रमणीय स्थानहरू पर्यटनसँग जोडिन थालेका छन् ।

गाउँबाट जनशक्तिको पलायन राष्ट्रव्यापी समस्याका रूपमा देखिए पनि कतिपय गाउँमा घरबासका कारण गाउँ छोडेकाहरू पनि पुन: फर्कन थालेका छन् । हिमाल पारीको जिल्ला मुस्ताङस्थित ठिनी गाउँमा घरबास सञ्चालनमा आएसँगै उक्त क्षेत्रका स्थानीय उत्पादनले मूल्य पाउनुका साथै स्थानीयवासीका लागि रोजगारीका अवसर सिर्जना भएका स्थानीय युवा निरज थकालीले बताउनुभयो । यहाँका घरबासले स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना र संस्कृतिको जगेर्ना गर्दै आएका उहाँको भनाइ छ ।

"ठिनी गाउँमा यहाँका स्थानीयले २०७२ सालदेखि घरबास सञ्चालन सुरु गरेकामा औपचारिक रूपमा २०७५ सालदेखि दर्ता गरिएको हो", उहाँले भन्नुभयो, "घरबास सञ्चालनसँगै स्थानीय उत्पादन बिक्रीका लागि अन्यत्र जानु परेको छैन, उत्पादित कृषिजन्य वस्तु गाउँमा बिक्री हुने गरेका छन् ।"

घरबास सञ्चालन र यहाँको पर्यटकीय गतिविधि बढ्दै जाँदा त्यसले स्थानीय उत्पादनमा पनि सकारात्मक प्रभाव पारेको बताउँदै थकालीले आसपासका जग्गामा खेती हुन थालेपछि जमिन बाँझो नभएको जानकारी गराउनुभयो । उहाँका अनुसार मुस्ताङ क्षेत्रमा पछिल्लो समय आलु, स्याउ, खुर्पानी, सिमीलगायत उत्पादन बढेको छ ।

ठिनीका १० घरमा घरबास व्यवसाय सञ्चालन भइरहेको जनाउँदै उहाँले आएका पाहुनालाई स्थानीय उत्पादनका परिकारहरू खुवाउने, मौलिक कलासंस्कृतिले मनोरञ्जन प्रदान गर्ने गरिएको बताउनुभयो । गाउँका पर्यटकीय स्थान जान्न र बुझ्न चाहनेका लागि पनि घरबास जीवन्त पाठशालाजस्तै बनेका उहाँको भनाइ छ ।

गण्डकी प्रदेशका जिल्लागत रूपमा तथ्याङ्कअनुसार तनहुँमा ४७, पर्वतमा ४५, स्याङ्जामा ४४, कास्कीमा ३६, बागलुङमा २८, लमजुङमा २३, गोरखामा २२, नवलपरासी बर्दाघाट सुस्ता पूर्व र म्याग्दीमा १०/१०, मुस्ताङमा तीन र मनाङमा दुईवटा घरबास सञ्चालनमा छन् । अधिकांश सामुदायिक घरबासका रूपमा सञ्चालित छन् ।

गण्डकीमा घरबासको लहर बढिरहेको अवस्थामा कोभिड-१९ को महामारीका कारण भने केही समय सुस्ताएको थियो । पछिल्लो समय समयले साथ दिएसँगै घरबास व्यवसाय पुन: चलायमान बनेको सञ्चालकहरू बताउँछन् ।

घरबास सञ्चालनबाट स्थानीय उत्पादनको सहज बजारीकरणसँगै स्थानीयको रोजगारीमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च ( भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटाले बताउनुभयो ।

"घरबासका माध्यमबाट गाउँमा पर्यटकीय गतिविधि बढेसँगै कतिपय स्थानमा विगतमा विदेशिएका जनशक्ति पनि यही फर्केर व्यापार/व्यवसाय सञ्चालन गर्न थालेका छन्", उहाँले भन्नुभयो, "घरबासले स्थानीयको रोजगारीसँगै कृषिजन्य उत्पादन बढाउन पनि ठुलो सहयोग पुगेको छ ।"

मञ्चले अघिल्लो वर्ष गण्डकी प्रदेशभित्रका घरबास सञ्चालकहरूलाई पोखरामा आमन्त्रण गरेर ग्रामीण पर्यटक पथप्रदर्शकको तालिमसमेत दिएको अध्यक्ष सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार मञ्चमार्फत विभिन्न तालिमसँगै घरबास सञ्चालकबिच अनुभव आदानप्रदानलगायत कार्यक्रम पनि सञ्चालन गरिएका छन् ।

घरबास सञ्चालनले ग्रामीण पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादन प्रवर्द्धन र मूल्य तथा रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान पुगिरहेको उहाँले बताउनुभयो । रोजगारी, उत्पादनसँगै स्थानीयवासीमा आतिथ्यताको भावना अभिवृद्धि गराउनसमेत उपयोगी बनिरहेका घरबास प्राचीन संस्कृतिको जगेर्नाका लागि पनि उत्तिकै सहयोगी बनेका छन् । गण्डकी प्रदेशका घरबासहरूमा हिमाली भेगमा पाइने तिब्बतीयन संस्कृतिदेखि तराईका थारु संस्कृतिसम्मको अनुभव लिन पाइन्छ । विभिन्न जातजाति, धर्म र संस्कृतिको अनुपम सङ्गमजस्तै बनेको यस प्रदेशमा ब्राह्मण, क्षेत्री, दलित, भोटे, गुरुङ, मगर, थारुलगायत विभिन्न समूदायका जातजाति तथा आदिवासीहरूका विभिन्न सस्कृति रहेका छन् ।

ठाउँ र परिवेश अनुसार यहाँका घरबासमा घाटु, कौरा, सोरठी, मारुनी, लठ्ठी नाच, झमरा नाच, डम्फु नाच, गोलेनी नाच, लोकभाका, झ्याउरे, भजन चुड्कालगायतका अनुभवसमेत लिन सकिन्छ ।

घरबास कार्यक्रम स्थानीय उत्पादनको बजारीकरण र स्वरोजगार अभिवृद्धिका लागि वरदान सावित बनेको स्याङ्जाको पुतलीबजार नगरपालिका, भैँसेगौँडास्थित मिलेनियम भैँसेगौँडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले जानकारी दिनुभयो ।

"घरबासका कारण गाउँमा उत्पादित कुटिकरेला, साग, फर्सी, स्कुस, लोकल टमाटर, मह, घ्युलगायत उत्पादन घरबाटै बिक्री हुन थालेका छन्", उहाँले भन्नुभयो, "यहाँ आएका पाहुनालाई स्थानीय उत्पादन खुवाउन पाइएको छ । साथै उत्पादित सामान पनि घरघरबाट सहजै बिक्री हुँदा यसले आम्दानी बढाएको छ ।"

विगतमा स्थानीय उत्पादनको बिक्रीका लागि बजार पुऱ्याउनुपर्ने बाध्यतालाई घरबास सञ्चालनले अन्त्य गरिदिएको उहाँले बताउनुभयो । घरबासमा आउने पाहुनालाई स्वागतार्थ प्रयोग गरिने फूलमालादेखि परिकार बनाएर खुवाउने खाद्यान्नको उत्पादनसमेत घरबासका कारण बढिरहेको उहाँको भनाइ छ । ***(रासस)***

# झापामा तीन सयभन्दा बढी बालबालिकामा अटिजम

झापा, १० मङ्सिर । जिल्लामा तीन सय ८१ जनामा अटिजमको समस्या पहिचान भएको छ । तीमध्ये तीन सयभन्दा बढी बालबालिका छन् ।

यहाँस्थित करुणा फाउन्डेसनका संयोजक निश्चल घिमिरेका अनुसार दुई सय ५४ बालक, ८२ बालिका र ४५ जना अन्य उमेर समूहका मानिसमा अटिजम देखिएको छ ।

कोशी प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय तह र फाउन्डेसनसँगको सम्झौताअनुसार जिल्लाका १५ वटै पालिकामा गत वर्षदेखि अटिजम भएकाको पहिचान गरी उनीहरूलाई स्वास्थ्य, शिक्षालगायत मूल प्रवाहीकरणमा समाहित गरिएको छ ।

जिल्लामा पहिचान भएका १३ हजार ८६३ जना अपाङ्गता भएका व्यक्तिमध्ये तीन सय ८१ जना बालबालिकामा अजिटमको समस्या छ । प्रदेश सरकारले पाँच वर्ष अगाडिदेखि अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सुरु गरेको हो । कार्यक्रम इलाम, मोरङ, सुनसरी, खोटाङ, भोजपुर, पाँचथर, सङ्खुवासभामा सञ्चालन भएको थियो ।

झापा, ताप्लेजुङ, तेह्रथुमलगायत जिल्लामा सम्झौताअनुसार गत वर्षदेखि अपाङ्गता पुन:स्थापनाका लागि कार्यक्रम सञ्चालन भइरहेको संयोजक घिमिरेले जानकारी दिनुभयो ।

जिल्लामा अटिजम भएका करिब सय जनालाई बिर्तामोडको गरामनीस्थित महेन्द्ररत्न मावि र दमकको एक विद्यालयमा अध्ययनको व्यवस्था गरिएको छ । यी दुवै विद्यालयमा अटिजम भएका बालबालिकाले पालिकाबाट नि:शुल्क थेरापीसहितको सेवा पाइरहेका छन् ।

भद्रपुर, मेचीनगर, अर्जुनधारा नगरपालिका र कमल गाउँपालिकाले बजेट व्यवस्थापन गरेर अटिजम केयर सेन्टर सञ्चालनको तयारी गरिरहेका छन् भने अन्य पालिकाले समुदायमा छलफल थालेका छन् । ***(रासस)***

। सम्पादकीय ।

# प्रतिगामी कदम जनताले नस्वीकार्ने

राजनीतिक रूपले सामन्तवाद अन्त्य भए पनि यहाँ अझै सामन्त, शोषक, जालीफटाहा, प्रतिक्रियावादीहरू छन् । पुँजीपति र श्रमजीवीवर्गमाथि शासन गर्ने सामन्तवाद अन्त्यपछि देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । सामन्तवाद या राजतन्त्रात्मक व्यवस्था अन्त्य भए पनि व्यवहारत: राजावादीहरू अन्त्य भएका छैनन् । अहिले राजाभन्दा राजावादीहरूको चलखेल बढ्न थालेको छ । उनीहरू देशमा राजतन्त्र आवश्यक छ भनी बेलाबखत आन्दोलन गर्दै छन् । राजा फर्काउन चाहने दल र दलका नेताहरू सामन्तका प्रतिनिधिहरू नै हुन् । उनीहरू संवैधानिक राजतन्त्रको निम्ति लागिपरेका छन् । २०६२/६३ सालको आन्दोलनले राजतन्त्र अन्त्य गरिसकेको हुँदा फेरि राजतन्त्र फर्काउने कदम प्रतिगामी हो । प्रतिगामी कदम जनताको निम्ति स्वीकार्य छैन ।

नचाहेरै जनताले राजतन्त्र फालेका हुन् । जनताले फालेको राजतन्त्रलाई फेरि फर्काउने कुरा मनासिब हुँदैन । राजतन्त्र आवश्यक नभएको कुरा तत्कालीन राजाले स्वीकारेको यथार्थ हो । राजतन्त्र अन्त्य हुनुमा राजाको मात्र होइन राजावादी दलहरूको पनि हात छ । संवैधानिक राजतन्त्रको व्यवस्था तोड्दै राजाले प्रत्यक्ष शासन गरे । यसको कारण राजतन्त्र अन्त्य भयो र देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भयो । अहिले राजावादीहरू गणतन्त्र र सङ्घीय व्यवस्थाविरूद्धको आन्दोलनमा छन् । उनीहरू सबै राजावादी, राष्ट्रवादी, हिन्दूवादी, सङ्घीयताविरोधी र गणतन्त्रविरोधीहरू एक ठाउँमा उभिनुपर्छ र सडकबाटै राजा फर्काउने तयारीमा जुटेका छन् ।

जनताले ३० वर्षसम्म पञ्चायती व्यवस्थालाई हेरेकै हुन् । निरङ्कुश पञ्चायती व्यवस्थामा दल खोल्ने स्वतन्त्रतासमेत थिएन । पञ्चायती व्यवस्थाको विरोध गर्ने या राजनीतिक र मौलिक हक अधिकारको निम्ति लड्ने दल र दलका नेताहरूलाई जाली मुद्दा लगाउने, कोचीकोची जेलमा हाल्ने, शारीरिक र मानसिक यातना दिनेमात्र होइन राजद्रोहको मुद्दा लगाएर फाँसीको माग गर्ने राजावादीहरू अहिले देश आन्तरिक द्वन्द्वमा फसिरहेको बेला मौकाको फाइदा उठाउँदै आन्दोलन गर्ने उद्घोष गरिरहेका छन् । जेन-जी आन्दोलनले बनेको सुशीला कार्कीको सरकारको राजीनामा माग आन्दोलनरत युवाले नै गरिरहेको भन्दै राजावादीहरू राजा फर्काउने भनी जुट्दै छन् ।

जेन-जीको आन्दोलन र आन्दोलनपूर्व पनि नेपालमा बेलाबखत विदेशी चलखेल नभएको होइन । अरू समयमा भन्दा देशमा आन्तरिक कलह चर्केको बेला विदेशी चलेखल बढेको देखिन्छ । भ्रष्टाचारीहरूलाई कारबाही गर्न आन्दोलन गर्ने जेन-जीका युवाहरू 'फ्रि तिब्बत' अभियान, 'हामी नेपाली' र 'बारबरा फाउन्डेसन'सँग सम्बन्धित भएको खबर सञ्चारमाध्यममा आएकै हो । 'फ्रि तिब्बत' र बारबरा फाउन्डेसनको पछाडि साम्राज्यवादी देश अमेरिकाको हात छ । अमेरिकाकै आर्थिक सहयोगमा चलेको विदेशी सङ्घ संस्थाले नेपालको कहिले पनि हित गर्दैन । तिब्बती धर्मगुरु दलाई लामाको दूतले नेपाली नागरिकता लिएको घटना सेलाउन नपाउँदै उनका अर्का प्रतिनिधिको पनि नागरिकता विवाद सतहमा आएको छ । 'फ्रि तिब्बत' अभियानमा संलग्न तेम्बा युङथुङ लामाले जिल्ला प्रशासन कार्यालय ललितपुरबाट नेपाली नागरिकता लिएको खबर प्रकाशमा आयो ।

यसरी नै जन्मको आधारमा भारतीय नागरिकहरूले पनि वंशजको आधारमा नेपाली नागरिकता लिएका छन् । विदेशी नागरिकले नेपाली नागरिकता लिएपछि देशको भविष्य के होला ? चिन्ताको विषय छ । तराईमा भारतीय नागरिक नेपाली नागरिक बनेको सङ्ख्या लाखौं पुगेको खबर उहिले नै सार्वजनिक भएको हो । विदेशी नागरिकहरू नेपालमा बढेपछि या विदेशी नागरिकहरू नेपाली बनेपछि यहाँ विदेशी चलखेल हुनु स्वाभाविक हो । पुँजीवादको अन्त्य गरी समाजवाद स्थापना गर्नुअघि सर्नुपर्ने बेला देशमा प्रतिगामी शक्ति र विदेशी चलखेल देखापर्नु नेपालको प्रजातान्त्रिक व्यवस्थाको निम्ति चुनौती हो । देशका सामन्त, प्रतिक्रियावादी, जालीफटाहाहरू नेपाली जनताको शत्रु भएझैँ भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद पनि शत्रु हुन् ।

विगतमा सामन्तहरूले बहुमत जनताको हित गरेनन् । पुँजीपतिहरूले पनि श्रमजीवी जनताको सेवा गरेनन् । पुँजीपतिहरूले श्रमिक जनतामाथि शासन गरेर शोषण गरे; गरिरहेका छन् । सामन्तवादको अन्त्यपछि बनेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र पुँजीवादी व्यवस्था हो । पुँजीवादी व्यवस्थाका सरकारहरू पनि शोषित-पीडित जनताको पक्षमा लागेनन्; उनीहरूको हितमा ऐन कानुन बनाएनन् । यसकारण, बहुमत जनताको पक्षमा शासन गर्न र गराउन देशमा समाजवादी व्यवस्था आवश्यक छ । समाजवादी व्यवस्थाको निम्ति देशका सबै कम्युनिस्टहरू समाजवादी क्रान्तिको परिस्थिति तयार गर्न लाग्नुपर्छ । कम्युनिस्ट भनिने दलहरूले पुँजीवादी राजनीति होइन समाजवादी राजनीति गर्नुपर्छ; समाजवादी व्यवस्था ल्याउनको निम्ति पूर्वाधार तयार गर्नुपर्छ । जनतामा पुँजीवाद र समाजवादको भेदबारे जानकारी दिँदै श्रमजीवी जनतालाई सचेत र सङ्गठित गर्नु आवश्यक छ ।

# "हामी सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार ठेक्कामा गर्न नहुने पक्षमा छौँ"




**सुनिल प्रजापति**, प्रमुख भक्तपुर नगरपालिका

**● भक्तपुर नगरबारे केही बताइदिनुहुन्छ कि !**

भक्तपुर देशकै सानो नगरपालिकामध्ये एक हो । आकारको हिसाबले सानो भए पनि सांस्कृतिक, पर्यटकीय र विविध हिसाबले अत्यन्त महत्त्वपूर्ण नगर हो । भक्तपुरमा ८० हजारको हाराहारीमा स्थायी बासिन्दाहरू छन् । त्यतिकै सङ्ख्यामा नगर बाहिरका मानिसहरूको बसोबास छ । सबै गरेर भक्तपुर नगरपालिकाले दैनिक डेढ लाख मानिसहरूलाई सेवा दिइरहेको छ । १२ देखि १५ औं शताब्दीमा भक्तपुर नेपालमण्डलको राजधानी थियो । त्यतिखेर बनेका थुप्रै सम्पदाहरू अहिलेसम्म जीवन्त छन् । भक्तपुर नपामा हामी २०७४ र २०७९ साल गरी दुईपटक निर्वाचित भयौं । नेमकिपाको पुरै प्यानलले दुवै पटकको निर्वाचनमा जीत हासिल गर्यो ।

**● भक्तपुरको विकास कसरी गर्दै हुनुहुन्छ ?**

धेरै मानिस ठुलठुला भवनहरू, चौडा सडक र झिलिमिलीलाई विकास भनेर बुझ्छन् । तर, हाम्रो बुझाइ अलि फरक छ । जनताको चेतनास्तरको विकासलाई प्राथमिकतामा राखेर काम गर्यौं । शिक्षालाई जोड दियौं । शिशुस्याहार केन्द्रदेखि विभिन्न विषयका उच्च शिक्षा अध्ययन गर्ने सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै छौँ । सरकारी विद्यालयलाई राम्रो बनाउने हाम्रो प्रयास जारी छ । सरकारी विद्यालयको गुणस्तर बढेसँगै धेरैवटा निजी विद्यालय बन्द, खारेज वा मर्ज भइसकेको छ । सरकारी विद्यालयहरूको गुणस्तर बढाउने काम गर्दै छौँ । शिक्षकहरूलाई विषयगत तालिम, विद्यालयलाई आर्थिक र भौतिक सहयोग, नियमित विद्यालय अनुगमन, पुस्तकालय निर्माणलगायतको व्यवस्थाले सरकारी विद्यालयहरूको स्तर राम्रो हुँदै आएको छ ।

**● शिक्षामा भक्तपुर नपाले गरेका कामबारे अझ प्रस्ट पारिदिनुस् न !**

हामीले दुईवटा इन्जिनियरिङ कलेजसहित सातवटा शैक्षिक संस्था सञ्चालन गरिरहेका छौँ । दुवै इन्जिनियरिङ कलेजले वर्षमा ४३२ जना इन्जिनियरहरू उत्पादन गर्छ । ख्वप कलेज अफ लले पनि न्यून शुल्कमा गुणस्तरीय कानुन शिक्षा प्रदान गर्दै आएको छ । शिक्षाको स्तर राम्रो बनाउन शिक्षकहरू राम्रो र योग्य हुनुपर्छ । एकजना शिक्षक राम्रो भए विद्यालयका सबै विद्यार्थी राम्रा हुन्छन् । अवकाश प्राप्त शिक्षक प्राध्यापकहरूलाई पनि हामीले आंशिक कक्षाहरू लिन लगाइरहेका छौँ ।

नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार केन्द्रमा १५-१६ महिनादेखिका बालबालिकाहरूलाई भर्ना लिन्छौँ । महिलाहरूको श्रमशक्तिको उपयोगको लागि हामीले वडा-वडामा शिशुस्याहार केन्द्रहरू सञ्चालन गर्दै छौँ । प्रत्येक शिशुस्याहार केन्द्रमा ४० जनाको दरले विद्यार्थीहरू भर्ना लिने गरेका छौँ । अहिले नगरपालिकाले ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी आदर निकेतन सञ्चालनको तयारी गर्दै छ ।

**● मेडिकल कलेज सञ्चालनबारे पनि कुरा छ नि !**

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधारहरू तयार गरिरहेको छ । सस्तोमा मेडिकल शिक्षा पनि पढाउने उद्देश्यले ख्वप विश्वविद्यालयको माग गरिरहेका छौँ । जनकपुरको राजश्री जनक विश्वविद्यालय ख्वप विश्वविद्यालयभन्दा पछि प्रस्ताव गरिएको हो । तर, ख्वप विश्वविद्यालयलाई सरकारले अहिलेसम्म स्वीकृति दिएको छैन । ख्वपले देशको लागि अरुले भन्दा फरक र मौलिक शैलीको जनशक्ति उत्पादन गरिरहेको छ ।

**● कर्मचारीहरूमा अनुशासन कतिको पाउनुहुन्छ ?**

हामीले अनुशासनमा जोड दिएका छौँ । संस्थाको विकासमा अनुशासनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । गरिबहरूलाई आर्थिक कारण उच्च शिक्षा हासिल गर्नबाट वञ्चित हुन नपरोस् भनेर शैक्षिक ऋणको व्यवस्था गर्दै छौँ । नेपालभाषा, इतिहास, संस्कृति, अर्थशास्त्र, दर्शनशास्त्रलगायतका विषयमा नगरवासी विद्यार्थीहरूका लागि पीएचडीसम्मको शिक्षालाई छात्रवृत्ति प्रदान गर्दै आएका छौँ ।

**● स्वास्थ्य अवस्था कस्तो छ ?**

जनतालाई छिटो छरिटो स्वास्थ्य उपचारको लागि घरदैलो नर्सिङ, वडा-वडामा स्वास्थ्य केन्द्रहरू र १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरिरहेका छौँ । ख्वप अस्पतालले गत आ.व. मा करिब २ लाख ९० हजार बिरामीलाई सेवा प्रदान गर्‍यो । नगरवासीहरूलाई अक्सिजन र रगत नि:शुल्क वितरण गर्दै छौँ । ख्वप अस्पतालमा बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म ३६५ दिन ११ घण्टा ओपीडी सेवा सञ्चालन हुन्छ । उक्त अस्पताल धेरै मानिसहरूको आकर्षणको केन्द्र बन्दै छ । गत वर्ष ७४ जिल्लाका बिरामीहरूले ख्वप अस्पतालबाट स्वास्थ्य उपचार सेवा लिएको तथ्याङ्क छ ।

भक्तपुर नगरपालिकाभित्र भक्तपुर क्यान्सर अस्पताल, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र र भक्तपुर अस्पताल सञ्चालनमा छन् । नगरभित्र निजी अस्पतालहरू खासै छैनन् । यही मङ्सिरबाट ख्वप अस्पतालमा सिटी स्क्यान सञ्चालन गर्ने तयारीमा छौँ । ल्यापरोस्कोपिक सर्जरीको सामग्रीहरूबाट थप सेवा दिने तयारी गरिरहेका छौँ । स्वास्थ्य बीमा पनि प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ ।

**● शिक्षा, स्वास्थ्यबाहेक अरु कुन विषयलाई प्राथमिकतामा राख्नुभएको छ ?**

भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको छ । सांस्कृतिक नगर भक्तपुरमा धेरै आन्तरिक र बाह्य पर्यटकहरू घुम्न आउँछन् । नेपालमा आउने पर्यटकमध्ये २५ देखि ३० प्रतिशत पर्यटक भक्तपुर आउने गरेको रेकर्ड छ । नगरको सरसफाइमा विशेष ध्यान दिएका छौँ । सम्पदा पुन:निर्माण जनताको सहयोगमा उपभोक्ता समितिमार्फत गर्दै छौँ । सम्पदा पुन:निर्माणमा जनताले आर्थिक र भौतिक सहयोग पनि उल्लेख्य रूपमा गरेका छन् । थुप्रै सम्पदाहरू अहिले निर्माणाधीन छन् । पर्यटन विकासको लागि आवश्यक पूर्वाधारहरू निर्माणमा जोड दिएका छौँ ।

**● फोहोर व्यवस्थापन कसरी गर्नुभएको छ ?**

फोहोर व्यवस्थापन गर्न कुहिने र नकुहिने फोहोर छुट्याई कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गरी किसानहरूलाई सहुलियत दरमा वितरण गर्दै छौँ । फोहोरलाई नगरपालिकाको आयस्रोतमा रूपान्तरण गर्ने कोसिस गरिरहेका छौँ । किसानहरूलाई मलको प्रयोग, माटो परीक्षण, विषादी प्रयोग आदिको पनि तालिमको व्यवस्था गरेका छौँ । कम जग्गामा कसरी धेरै उत्पादन गर्ने विषयमा पनि किसानहरूलाई तालिम दिएका छौँ ।

**● एनजीओ तथा आईएनजीओबारे के अवस्था छ ?**

नगरपालिकामा एनजीओ तथा आईएनजीओलाई स्वीकृति दिएका छैनौँ । हामीले सक्ने काम हामी आफै गर्दै छौँ, आवश्यक परे जनतालाई गुहार्छौँ । अरुको भरमा चल्ने बानी परेमा हामी अल्छी हुन्छौँ । जनतालाई नै सक्रिय बनाउने सोचले काम गरिरहेका छौँ । शिक्षित मान्छे स्वस्थ भएपछि उसले देशमा परिवर्तन ल्याउँछ भन्ने मान्यताले काम गर्दै छौँ । जनतालाई हरेक क्षेत्रमा सेवा गर्ने भावनाले काम गर्दै छौँ । ख्वप अस्पतालमा सुत्केरी गराउन प्रसूती सेवा सञ्चालनमा छ । अध्ययन तथा अध्यापनको लागि कलेजहरू सञ्चालनमा छन् र ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतन सञ्चालनको तयारी गरिरहेका छौँ । आधुनिक सुधारिएको शवदाह गृह निर्माण गरेका छौँ । जनता नगरपालिकाको कामबाट खुसी छन् । जनता खुसी भएपछि हामी पनि खुसी हुने नै भयौँ ।

**● सम्पदा पुन:निर्माण कसरी भइरहेको छ ?**

सम्पदाको महत्त्व बुझेका स्थानीयलाई सम्पदा पुन:निर्माण र जीर्णोद्धारमा काम गराइरहेका छौँ । हामी सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार ठेक्कामा गर्न नहुने पक्षमा छौँ । यसबारे महालेखासँग पनि धेरैपटक छलफल भएको छ ।

**● अन्य ठाउँमा डुबानको समस्या छ, भक्तपुरमा कस्तो छ ?**

नगरका मुख्य सडकहरूको दुवै क्षेत्रमा हरियाली व्यवस्थामा जोड दिँदै आएका छौँ । खोलाहरूलाई फराकिलो पारेको कारण यो वर्ष वर्षाको समयमा केही समस्या भएन । ठुलठुला खोलाहरू साँघुरिँदै जाँदा डुबानको समस्या भएको हो । खोलामा पानी बग्नुपर्नेमा माटो धेरै बगेकोले समस्या आएको हो । खोलामा फोहोर पानी नजाओस् भनी उपचार पोखरीहरू निर्माण गरिरहेका छौँ ।

**● कुन उद्देश्यले तपाईं यहाँ आउनुभएको हो ?**

अनुभव आदानप्रदान गर्ने उद्देश्यले विभिन्न स्थानीय तहका जनप्रतिनिधि भक्तपुर भ्रमणमा आउनुहुन्छ भने हामी पनि नेपालका विभिन्न स्थानीय तहहरूमा अध्ययन तथा अवलोकन भ्रमणमा पुगेका हौँ । दुई नगरपालिकाहरूबिचको अनुभव आदानप्रदानले धेरै कुरा सिक्ने अवसर मिलेको छ । भौगोलिक बनोटअनुसारका स्थानीय तहहरू सबैको आ-आफ्ना विशेषताहरू हुन्छन् । सबै नगरवासीहरूलाई स्वस्थ राख्न ठाउँ-ठाउँमा व्यायामशालाहरू राखिदिएका छौँ । युवा, विद्यार्थी, ज्येष्ठ नागरिकहरू फुर्सदको समयमा व्यायाम गरिरहेका देख्छौँ । स्थानीय तहहरूले आत्मनिर्भर बन्ने प्रयत्न गर्नुपर्छ ।

**● जनप्रतिनिधिहरूले कसरी काम गर्नुपर्छ भन्ने यहाँको अनुभव छ ?**

जनताको इमानदारीपूर्वक सेवा गर्ने भावनाले जनप्रतिनिधिहरूले काम गरेको खण्डमा एक दिन अवश्य सफल हुन्छ । जनप्रतिनिधिहरूले जनताको घर-घरमा पुगेर सेवा गर्नु आवश्यक छ । 'जनप्रतिनिधिहरू जनताको सेवा गर्न निर्वाचित भएको हो' भन्ने भावनाले काम गर्न सक्नुपर्छ । राजनीतिक कार्यकर्ताले व्यक्ति र समाजको समस्या बुझेर समाधान गर्न सक्ने एक कुशल 'सामाजिक चिकित्सक' बन्नुपर्ने देख्छु ।

**● भक्तपुरको रोजगारीको अवस्था कस्तो छ ? नपाले ध्यान दिएको छ छैन ?**

नगरवासीहरूलाई रोजगारीको सन्दर्भमा नगरपालिकाले सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको छ । जनताको हातमा सीप दिने हो भने उनीहरू आफै स्वरोजगार बन्छन् । रोजगारीले व्यक्तिलाई आत्मनिर्भर बनाउँछ । तालिम प्राप्तहरू धेरैले रोजगारी पाइरहेका छन् ।

**● स्थानीय तहमा राजनीतिक पार्टीको हुनुहुँदैन भन्ने विषयमा यहाँको विचार के छ ?**

हरेक व्यक्ति सिद्धान्त र विचारले निर्देशित हुनुपर्छ । जुन विचारले निर्वाचित भएको हो, त्यो विचारअनुसार काम गर्नुपर्छ । समाजवादी विचार अङ्गीकार गरेका राजनीतिक पार्टीहरूले त्यही विचारअनुसारको काम गर्नुपर्छ । निर्वाचित पद सबैको साझा पद हो । जुनसुकै पार्टीबाट जिते पनि समानताको आधारमा काम गर्नुपर्ने हुन्छ । स्थानीय तहबिच सहयोग आदान-प्रदान हुनुपर्छ । चर्चामा आउनको लागि काम गर्ने होइन । कामको गुणस्तरमा प्रतिस्पर्धा गर्दा भक्तपुरले राम्रो काम गर्न सकेको हो ।

**● वर्तमान सरकारलाई कसरी लिनुभएको छ ?**

वर्तमान सरकार संविधानअनुसार बनेको होइन । देशको विषम परिस्थितिलाई मध्यनजर गर्दै तत्कालीन सङ्कट व्यवस्थापनको लागि गठन गरिएको 'निर्वाचन सरकार' हो । यो सरकार निर्वाचन गराउनतिर केन्द्रित भएर लाग्नुपर्छ । निर्वाचन भएन भने देश अराजकतातर्फ जान सक्छ । राज्यले अकल्पनीय क्षति भोग्नुपर्ने हुनसक्छ । यसबारे सबै सचेत हुनुपर्छ ।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जनकपुरको मिथिलाञ्चल एफएम १०५ मेघाहर्जका प्रस्तोता मुकेश दुबेले गत कार्तिक २२ गते लिनुभएको अन्तर्वार्ता सामान्य सम्पादनसहित यहाँ प्रस्तुत गरिएको छ ।)*

# जारशाही संसद्मा बोल्शेभिक सांसद – २३

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




संसद्को बहसमा दक्षिणपन्थीहरूले आफ्नो सबैभन्दा ठुलो बन्दुक पड्काए । तिनका प्रमुख प्रवक्ता मार्कोभले बोल्ने भए । उनी नरसंहारकहरूका ठुला नेता थिए । उनी मान्छेलाई झुन्ड्याएर र गोली ठोकेर कहिल्यै थाक्दैनथे । कारागारमा हुल्ने जारशाही सरकारको दण्ड विधान उनलाई अति खल्लो लाग्थ्यो । उनी सदनमा जमिनदारहरूका सबैभन्दा प्रतिक्रियावादी खेमाका प्रतिनिधि थिए । सन् १९०५ को क्रान्तिमा आफ्ना मौजाहरूमा भएको आगलागी र लुटपाट यी जमिनदारहरूले बिर्सेका थिएनन् । यसकारण, मार्कोभ क्रान्तिकारीजस्ता लाग्ने व्यक्तिलाई चरमभन्दा चरम दण्ड दिनुपर्छ भन्थे । क्रान्तिकारी त परकै कुरा भयो उनी उदार पुँजीवादी आन्दोलनलाई समेत दबाउनुपर्छ भन्थे । निःसन्देह उनी मजदुरवर्गलाई बिपत्तै घृणा गर्थे । उनी विद्यमान शासनका लागि मजदुरवर्गलाई सबैभन्दा ठुलो शत्रु देख्थे । उनको घृणा स्वाभाविक नै थियो ।

सदनमा बोल्दै मार्कोभले हडताल र त्यसको नेतृत्व गर्ने सामाजिक जनवादी पार्टीको बदख्वाइँ गरे । व्यक्तिगतरूपमा उनी ममाथि खनिए । समस्त सर्वहारा जनताको नाममा सामाजिक जनवादी समूहको तर्फबाट सदनमा बहुमत कालासयहरूलाई मैले पछिल्लो भाषणमा हाँक दिएको भनेर उनले मलाई झम्टिउँलाझैँ गरे ।

मार्कोभले भने, "बादेयेभजी तपाईँ जवान हुनुहुन्छ । लडाइँको मन बनाएपछि मात्र हाँक दिइन्छ । तर, तपाईँ लड्न आइसक्नुभएको छैन । मन्त्रीलाई चुनौती दिनु चानचुने कुरा होइन । अलि बुद्धि पुऱ्याउनुपऱ्यो ।"

मार्कोभले सरकारलाई एउटा प्रश्न सोध्दै भाषण अन्त्य गरे । क्रान्तिकारी आन्दोलनविरुद्ध सङ्घर्षमा सरकारले पर्याप्त तागत लगाएको विषयमा उनले जान्न चाहे । उनले भने, "देशद्रोहको बात लागेका व्यक्तिहरूको सहयोगमा यो देशमा घुसपैठ गर्ने यी बदमास र शत्रुबाट रुसी जनतालाई जोगाउनका लागि के भद्रभलाद्मी महोदयहरूले केही गरिरहनुभएको छ त ? म उद्घोष गर्छु - हाम्रो मातृभूमि खतरामा छ ।"

उनको भाषण धम्कीपूर्ण थियो । उनको हाउभाउ सामाजिक जनवादी समूहविरुद्ध लक्षित थियो । वामपन्थीहरूको कर्सीतिर फर्किँदै उनले धारे हात लगाइरहे । मानौँ, उनले हामीविरुद्ध राइफल नै ताकिरहेका छन् । हामीतिर औँला सोझ्याउँदै उनले भने, "तिमीहरूले हामीमाथि प्रहार गर्दै छौ तर तिमीहरूमाथि पहिलो गोली हामीले चलाउनेछौँ !"

सदनले हाम्रो प्रश्नलाई अनुमोदन गऱ्यो । तर, यसको अर्थ मजदुरहरूले केही पाए भन्नु सही होइन । सबथोक पहिलेझैँ चलिरह्यो । जलसेना मन्त्रीले कत्ति पनि सहुलियत दिएनन् ।

ओबुखोभका मजदुरहरूको स्थिति अरूको भन्दा फरक थिएन । अन्य कारखानामा समेत मजदुरहरूलाई उसरी नै निचोरिन्थ्यो, उसरी नै असह्य व्यवहार गरिन्थ्यो । खासगरी थल र जल सेनाका कारखानाहरूको हाल उस्तै थियो । पलपल मजदुरहरूको जीवन कुनै खतरनाक विस्फोट र विपत्तिको आहार हुनसक्थ्यो । अघिअघि पनि प्रतिक्रियावादीहरूको बुटमुनि चुपचाप घातक दुर्घटनाहरू भइरहन्थे । तर, त्यसमा कसैले ध्यान दिँदैनथ्यो । तर, पछिल्लोपल्ट दुर्घटनामा ज्यान गुमाउने मजदुरहरूको अन्त्येष्टि ठुला क्रान्तिकारी जुलुस प्रदर्शन गर्ने अवसर बन्दै थिए ।

अघिअघि मृत मजदुरको शवपेटिका र पछिपछि मजदुरहरूको लस्कर लाग्यो । मजदुरहरूले मृतकहरूलाई निजी तवरले चिन्दैनथे । तर, उनीहरूले क्रान्तिकारी गीत गाउँदै मलामी लस्कर अघि बढाए । उनले गाए, "सिकार भयौ नि साथी !" उनीहरूले फूलका ठुला माला बोकेका थिए । त्यसमा बाँधेको रातो रिबनमा क्रान्तिकारी योद्धा भनी लेखिएको थियो । चिहानघाट हजारौँ मजदुरहरूको सङ्गम बन्यो । मजदुरहरूलाई बैठक डाक्न मनाही गरिरहेको बेला गैरकानुनी काम यसरी नै गरिन्थ्यो । बैठक गुप्त रूपमा वनजङ्गल वा साना कोठामा हुन्थ्यो । नत्र यस्तै मलामी जुलुसमा हुन्थ्यो । त्यसैले यी जुलुसले क्रान्तिकारी महत्त्व पाए । पार्टीले मजदुरहरूलाई हजारौँको सङ्ख्यामा उपस्थित हुन अपिल गर्थ्यो । यी जुलुसमा बोल्न पहिल्यै वक्ता छनोट गरिन्थ्यो, पर्चा वितरण गर्न तयारी गरिन्थ्यो । यस्ता अनेक गैरकानुनी काम हुन्थे ।

प्रहरीले पनि ठुलै तयारी गर्थ्यो । सबै अन्त्येष्टि समारोहमा ठुलै जत्था खटाउँथ्यो । चिहानघाटमा पैदल र घोडचढी दुवैथरी प्रहरीले पहरा दिइरहन्थे । उनीहरू चिहानमा यताउता कुदिरहन्थे, चिहानमा चढाइने फूलमाला फालिदिन्थे, बोल्न दिँदैनथे, बोल्न खोज्ने वक्तालाई पक्रन्थे र केही मानिसलाई गिरफ्तार गरेपछि भीडलाई तितरबितर पार्थे ।




MARKOV 2nd **सांसद मार्कोभ** By Boris Yefimov

ओख्ता विस्फोटका मृतकहरूको अन्त्येष्टिमा के भएको थियो भनेर मैले पहिल्यै बयान गरिसकेको छु । अब म त्यो मलामी जुलुसबारे भन्छु, जसमा मलाई प्रहरीले कारबाही गरेको थियो । त्यो घटनाका कारण मजदुरहरूमा ठुलो आक्रोश फैलिएको थियो र सदनमा पनि बहसको विषय बनेको थियो ।

सन् १९१३ सेप्टेम्बरको सुरुतिर हो । सेन्ट पिटर्सबर्गको धराप उत्पादन गर्ने कारखानामा एउटा विस्फोट भयो । *(त्यहाँ पहिले पार्भाइनिन नाउँको कारखाना थियो ।)* एउटा मेसिनबाट बीस पाउन्ड बारुद उड्यो र कारखानाको छत नै उडाउने विस्फोट भयो । दुई मजदुर ठाउँको ठाउँमा मरे । ज्यासलभरि तिनको रगतको छिर्का लाग्यो । कारखाना व्यवस्थापकको लापरबाहीका कारण त्यो विस्फोट भएको थियो । त्यो मेसिन परीक्षण नगरी जडान गरिएको थियो ।

सेप्टेम्बर ९ मा अन्त्येष्टिको दिन पारेर हजारौँ मजदुरले औजार बिसाए । धराप कारखाना मात्र होइन, पुतिलोभ, आइभोज र अन्य कारखानाका मजदुर पनि मलामी जान आए । प्रहरीले सुरुदेखि नै मलामी जुलुसमा भाँजो हालिरह्यो । सुरुमा तिनीहरूले फूलमालाबाट रातो रिबन हटाउन भने । मलामीहरू लितेइनी पुलमा आइपुग्दा तिनीहरूले शवपेटिका र फूलमालालाई शववाहनमा राख्न भने ।

मैले प्रहरीलाई सोधेँ - शवपेटिकालाई बोक्न किन नमिल्ने ? उसले आफूलाई माथिबाट यस्तै निर्देशन आएको बतायो । मलामी जुलुस मूल बाटोबाट भोस्क्रेसेन्स्काय र ज्नामेन्स्कायातर्फ मोडियो । लिगोभ्का पुगेपछि थोरै प्रहरी भएको मौका छोपी मजदुरहरूले पुनः शवपेटिकालाई काँधमा बोकेर मित्रोभान्येभ्स्कोए चिहान लगे । मजदुरहरूले उही क्रान्तिकारी गीत गाए, "सिकार भयौ नि साथी !"

चिहानतिर थप प्रहरी देखापरे । उनीहरूले फूलको मालामा बाँधिएको रातो रिबन फेरि च्याते । शव गाड्ने बेला झन् धेरै मजदुर जम्मा भए । उनीहरू दिउँसोको खाना खाने समयमा कारखाना छोडी आएका थिए । ५ हजार मजदुरको भीड लडाकु मनोदशामा थियो । उनीहरूले लगातार क्रान्तिकारी गीत गाए । बिचबिचमा उनीहरूले सङ्घर्षको अपिल पनि गरे । त्यहाँ मैले सम्बोधन गर्ने तयारी थियो । यो थाहा पाएर मजदुरहरूले चिहानवरिपरि बलियो घेरा बनाए । प्रहरी आउनुभन्दा अगावै उनीहरू मेरो कुरा सुन्न चाहन्थे । कानुनका पालकहरू ठुलो दलबल लिएर आएका थिए । उनीहरू इन्स्पेक्टरले आदेश आउनेबित्तिकै कोर्रा बजारौँला भन्ने मनस्थितिमा थिए ।

शवपेटिकालाई चिहानमा राखियो । म कुर्सीमाथि चढेँ र बोल्न थालेँ, "कामरेडहरू, नाफाको ठुलो चोक्टा खाने चक्करमा रक्तपिपासु पुँजीपतिहरू मजदुरको जीवनको बलि चढाउन तयार छन् । यो गाऱ्हो र कस्टदायी काम गर्दा हेर्नुस् त मजदुरहरूले कस्तो पुरस्कार पाए । मजदुरवर्गले सबथोक आफ्नो हातमा ल्याएपछि मात्र आफ्नो दीनदशा सुधार्न सक्छ ।..."

मैले यी शब्द के बोलेको थिएँ प्रहरीहरू चिच्याउन थाले । एउटाले भन्यो, "यसलाई समात, बोल्न नदे ।"

प्रहरी इन्स्पेक्टरले आदेश दियो, "घोडचढी प्रहरी । कोर्रा तयार पार !"

घोडचढी प्रहरी हुइँकिहाले । उनीहरूले भिडलाई तितरबितर पार्न खोजे । चिहाननिर मुक्कामुक्की सुरु भयो । प्रहरीहरूले मलाई ताने र कुर्सीबाट तल ओराले । इन्स्पेक्टर दौडिँदै मनिर आइपुग्यो । उसले मेरो पाखुरा समात्यो र म पक्राउ परेको बतायो । मैले उसलाई आफ्नो संसदीय परिचयपत्र देखाएँ ।

"तपाईँ स्वतन्त्र हुनुहुन्छ तर मैले तपाईँलाई बोल्न दिन सक्दिनँ । कसैलाई बोल्न नदिनू भन्ने हुकुम छ ।"

यति नै बेला म पक्राउ परेको अनुमान गरेर भीड झन् आक्रोशित भयो । मजदुरहरूले इन्स्पेक्टरलाई घेरा हाले । उनीहरूले प्रहरीलाई धम्की दिए । म पुनः कुर्सीमाथि चढेँ र बिचैमा रोकेको मन्तव्य पूरा गर्न थालेँ । मैले मजदुरहरूलाई शान्त रहन र कुनै हताहत हुन नदिन भनेँ । घोडचढी प्रहरीले कोर्रा निकाले र पछाडिबाट भीडमाथि प्रहार गर्न थाले । यसरी उनीहरूले मलामीहरूलाई चिहानबाट मूल ढोकातिर धपाए । संजोगले कसैको ज्यान गएन ।

अन्त्येष्टिपछि प्रहरीले ममाथि उच्च अधिकारीहरूको आदेश नमानेको आरोप लगायो । तीन महिनापछि सेन्ट पिटर्सबर्गका नगर गभर्नर द्राचेभ्स्कीले मलाई २०० रुबल दण्ड तिर्नुपर्ने आदेश जारी गरे । 'प्रहरीको कामकारबाहीमा दखल दिनु' नै मेरो कसुर थियो । एक कर्मचारीले मलाई फोन गरेर जरिवाना तिर्न भन्यो । मैले ठाडै अस्वीकार गरेँ । नगर गभर्नरको आदेश गैरकानुनी थियो । संसदीय ऐनअनुसार सांसदहरूलाई अदालतले नै दण्ड नदिएसम्म कुनै दण्ड वा जरिवाना तिराउन मिल्दैनथ्यो । जरिवाना नै तिराउने भए संसद्बाट नै पारित हुनुपर्थ्यो ।

सांसदहरूको अधिकार हनन गर्ने यो प्रयासबारे मैले 'प्राभ्दा' पत्रिकामार्फत मजदुरहरूलाई अवगत गराएँ । तुरुन्तै धेरै विरोध हडतालको घोषणा भयो । सुरुमा त विस्फोट भएको धराप कारखानामा एकदिने हडतालको घोषणा गरियो । सहकर्मी मजदुर साथीहरूको अन्त्येष्टिमा बोलेकै हुनाले मलाई जरिवाना तिराएकोमा उनीहरूले बैठकबाट कडा निन्दा गरे । यसैगरी एक हजार मजदुरले काम गर्ने लाङ्गेसिपेन कारखानाले पनि विरोधमा हडतालको उद्घोष गऱ्यो । यसरी नै यो आन्दोलन अन्य कारखानाहरूमा फैलियो ।

दुई हप्तापछि मैले जरिवाना तिर्दिन भन्ने स्पष्ट भएपछि नगर गभर्नरले जरिवानाको सट्टा मलाई ६ हप्ताको हिरासतमा राख्ने आदेश दिए । उनले मलाई सदनको अर्को बिदामा पक्रन भने । यो कुरा बाहिर आएपछि मजदुरहरूमा असन्तोष बढ्नु स्वाभाविकै थियो ।



RODZYANKO **सभामुख रोदजान्को** By Kukryniksy



लेबनानको राजधानी बेरुतको दक्षिणी भागमा इजरायली हवाई हमलामा मारिएका हेजबोल्लाह समूहका वरिष्ठ कमान्डर हायथम अलि अल ताबताहीको अन्त्येष्टि कार्यक्रममा उर्लेको भिड नोभेम्बर २५, २०२५ का दिन । मानण्डर हायथमलाई हेजबोल्लाहको लडाकु फौजका मुख्य योजनाकार मानिन्छ । युद्धविराम सम्झौता तोडेर इजरायलले गरेको हवाई आक्रमणमा हायथमसहित २८ जनाको ज्यान गएको बताइएको छ ।

तस्बिर : सिन्ह्वा/बिलाल जाविक

# अफगानिस्तान हवाई आक्रमणमा पाकिस्तानको संलग्नता नरहेको दाबी, अफगानिस्तानद्वारा 'जवाफी कारबाही' गर्ने चेतावनी

जिगे मुगलगाई (अफगानिस्तान), १० मङ्सिर (एएफपी) । अफगानिस्तानको तालिबान सरकारले रातभर भएको घातक हवाई हमलाका लागि पाकिस्तानमाथि आरोप लगाउँदै यसको 'उचित प्रतिक्रिया' दिने बताएको छ । तर, पाकिस्तानले अफगानिस्तानमा भएको आक्रमणमा आफ्नो संलग्नता नरहेको जनाएको छ ।

खोस्त प्रान्तमा भएको हवाई आक्रमणमा नौ बालबालिका र एक महिलाको मृत्यु भएको तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले एक्समा पोस्ट गर्दै जानकारी गराउनुभएको छ । अफगानिस्तानले आक्रमणमा पाकिस्तानी सेनाले 'स्थानीय नागरिकको घर' लाई लक्षित गरेको बताएको छ ।

एएफपीका एक संवाददाताका अनुसार पाकिस्तानको सीमा नजिकैको लक्षित क्षेत्रका बासिन्दाहरूले भत्किएको घरको भग्नावशेषमा पुरिएका आफन्तको खोजी गरेका छन् ।

"आम मानिसमाथि बम नबर्साइयोस् किनकि नागरिकहरूले कुनै गलत काम गरेका छैनन्," जिगे मुगलगाई क्षेत्रका बासिन्दा साजिदुल रहमानले भन्नुभयो ।

खोस्तका गभर्नरका प्रवक्ता मुस्तगफिर गुरबुजले ड्रोनसहितको विमानबाट आक्रमण गरिएको बताउनुभयो ।

सरकारका प्रवक्ता मुजाहिदले कुनार र पक्तिका नजिकैको सीमावर्ती क्षेत्रमा पनि आक्रमण भएको र कम्तीमा चार जना घाइते भएको जानकारी दिनुभयो ।

मुजाहिदले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अपगानिस्तान यस उल्लङ्घनको कडा निन्दा गर्दछ र आफ्नो हवाई क्षेत्र र जनताको रक्षा गर्नु उसको वैधानिक अधिकार हो र उसले सही समयमा उचित प्रतिक्रिया दिनेछ ।"

पाकिस्तानले कुनै पनि आक्रमण नगरेको दाबी गरेको छ । पाकिस्तानी सेनाका प्रवक्ता लेफ्टिनेन्ट जनरल अहमद शरिफ चौधरीले पाकिस्तानले अफगानिस्तानमा आक्रमण नगरेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "जब हामी आक्रमण गर्छौं, त्यसलाई खुला र उचित रूपमा घोषणा गरिन्छ । पाकिस्तानले कहिल्यै पनि सर्वसाधारणमाथि आक्रमण गर्दैन । अफगानी अन्तरिम सरकारको आरोप निराधार छ ।"

पाकिस्तानको पेशावरस्थित अर्धसैनिक बल सङ्घीय कन्स्टेबुलरी फोर्सको मुख्यालयमा सोमबार भएको आत्मघाती आक्रमणमा परी तीन अधिकारीको मृत्यु हुनुका साथै अन्य ११ जना घाइते भएका थिए ।

अहिलेसम्म कुनै पनि समूहले यसको जिम्मेवारी लिएको छैन, तर राज्य सञ्चालित टेलिभिजन पिटिभीले आक्रमणकारीहरू अफगान नागरिक भएको जनाएको छ ।

पाकिस्तानका राष्ट्रपति आसिफ जर्दारीले तेहरिक-ए-तालिबान पाकिस्तान (टिटिपी) लाई स्थानीय भाषामा उल्लेख गर्दै विदेशी समर्थित 'फितना अल-खवारिज' ले अफगानिस्तानको भूमिबाट आक्रमण गरेको गरेको आरोप लगाएको छ ।

यसै महिना पाकिस्तानको राजधानी इस्लामावादस्थित एक अदालत बाहिर भएको अर्को आत्मघाती बम विस्फोटमा परी १२ जनाको मृत्यु भएको थियो । यसको जिम्मेवारी पाकिस्तानी तालिबानको एक गुटले लिएको थियो ।

इस्लामाबादले राजधानी हमलाको पछाडि रहेको अफगानिस्तानमा रहेको लडाकू समूहको उच्च कमाण्डबाट निर्देशित भएको बताएको छ ।

**तनावमा युद्धविराम**

पाकिस्तानका सूचनामन्त्री अताउल्लाह तरारले मङ्गलबार पत्रकारहरूसँग इस्लामाबाद आक्रमणमा अफगान तालिबानको संलग्नता रहेको स्पष्ट प्रमाण भेटिएको बताउनुभयो ।

उहाँले हिरासतमा रहेका चार संदिग्धमध्ये एकको कथित स्वीकारोक्ति उहाँले पोष्ट गरेको भिडियोमा भन्नुभयो, "आक्रमणमा अफगानिस्तान पूर्ण रूपमा संलग्न छ र तिनीहरूको माटो पनि संलग्न छ । त्यहाँ आश्रय लिइरहेका व्यक्तिहरू पनि संलग्न छन् ।"

सन् २०२१ मा काबुलमा तालिबान सत्तामा आएपछि इस्लामाबाद र काबुलबिचको सम्बन्ध बिग्रिएको छ र अक्टोबरमा सीमा भिडन्तमा दुवै पक्षका करिब ७० जनाको मृत्यु भएको थियो ।

कतार र टर्कीको मध्यस्थतामा युद्धविरामसँगै त्यो लडाइँ समाप्त भएको थियो तर दोहा र इस्तानबुलमा भएका धेरै चरणको वार्ता दिगो सम्झौता गर्न असफल भएका छन् ।

विशेषगरी पाकिस्तानले काबुलले टिटिपी लडाकूहरूलाई नियन्त्रण गर्नुपर्ने मागमा सुरक्षा मुद्दाहरू अड्किएका छन् ।

इस्लामाबादले तालिबानले आक्रमणमा वृद्धि भएका आतङ्कवादीहरूलाई आश्रय दिएको आरोप लगाएको छ, विशेषगरी टिटिपीले वर्षौंदेखि पाकिस्तानविरुद्ध रक्तपातपूर्ण अभियान चलाइरहेको छ ।

पाकिस्तानले अफगानिस्तानप्रति शत्रुतापूर्ण सम्बन्ध रहेका समूहहरूलाई आश्रय दिने र आफ्नो सार्वभौमिकताको सम्मान नगर्ने गरेको आरोपको काबुलले खण्डन गर्दै आएको छ ।

अक्टोबरमा भएको झडपपछि छिमेकी देशबिचको सीमा छ हप्ताभन्दा बढी समयदेखि बन्द छ, जसले द्विपक्षीय व्यापार ठप्प पारेको छ ।

पाकिस्तान-अफगानिस्तान संयुक्त वाणिज्य तथा उद्योग चेम्बरले सीमामा हजारौं कन्टेनर अड्किएको र प्रत्येकमा दैनिक १५० देखि २०० डलर शुल्क तिर्नुपर्ने भएको बताएको छ ।

## विश्व सङ्क्षेप

### विश्वव्यापी एचआईभी प्रतिक्रियालाई 'दशकौँकै सबैभन्दा ठुलो झट्का' : यूएनएड्स

जेनेभा, १० मङ्सिर (एएफपी) । अचानक र नाटकीय रूपमा अन्तर्राष्ट्रिय कोष कटौतीले एचआईभी र एड्सविरुद्धको विश्वव्यापी प्रयासमा विनाशकारी परिणाम निम्त्याएको संयुक्त राष्ट्रसङ्घले जानकारी गराएको छ ।

युएनएड्सका कार्यकारी निर्देशक विनी ब्यानिमाले जेनेभामा पत्रकारहरूसँग भन्नुभयो, "एचआईभीविरुद्धको विश्वव्यापी प्रतिक्रियाले दशकौँयताकै सबैभन्दा ठुलो धक्का बेहोरेको छ ।" नयाँ प्रतिवेदन प्रस्तुत गर्दै उहाँले 'धेरै अन्तर्राष्ट्रिय दातृ निकायका लागि अचानक अन्तर्राष्ट्रिय कोष कटौतीको विनाशकारी परिणाम' हुने चेतावनी दिँदै भन्नुभएको छ, "यसले न्यून तथा मध्यम आय भएका मुलुकहरूलाई स्तब्ध बनाएको छ ।" ब्यानिमाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प वर्षको सुरुमै ह्वाइट हाउस फर्केपछि 'संयुक्त राज्य अमेरिकाको अचानक रोक' लाई औँल्याउनुभयो, तर अन्य प्रमुख दाताहरूले पनि उनीहरूको वैदेशिक सहायता खर्चमा उल्लेखनीय कटौती गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कटौतीहरू बोर्डमा नाटकीय छन् । यस वर्षको सुरुदेखि नै दर्जनौँ न्यून र मध्यम आय भएका देशहरूमा एचआईभी सेवालाई निरन्तरता दिने जटिल पारिस्थितिक प्रणाली भित्रसम्म हल्लिएको छ ।"

ब्यानिमाले एचआईभी रोकथाम सेवाहरूमा 'कमी' भएको बारेमा विशेष चिन्ता व्यक्त गर्नुहुँदै भन्नुभयो, "यदि यसलाई सम्बोधन गरिएन भने सन् २०३० सम्ममा '३३ लाख थप नयाँ सङ्क्रमण' हुने जोखिम हुन्छ ।"

### इजरायली सेनाद्वारा उत्तरी वेस्ट बैङ्कमा नयाँ 'आतङ्कवादविरोधी' अपरेसन सुरु

जेरुसेलम, १० मङ्सिर (एएफपी) । इजरायली सेनाले बुधबार कब्जा गरिएको वेस्ट बैङ्कको उत्तर क्षेत्रमा नयाँ 'आतङ्कवादविरोधी' अपरेसन सुरु गरेको घोषणा गरेको छ । सेनाले जारी गरेको संयुक्त विज्ञप्तामा सो कारबाहीलाई 'उत्तरी सामरिया' भनिने क्षेत्रमा सञ्चालन गरिएको व्यापक सुरक्षात्मक पहलको एक महत्त्वपूर्ण हिस्सा रहेको उल्लेख गरिएको छ ।

सैन्य अधिकारीहरू तथा आन्तरिक सुरक्षा सेवाबाट जारी गरिएको उक्त विज्ञप्तिमा वेस्ट बैङ्कका केही भागका लागि प्रयोग हुने बाइबलीय शब्दसमेत



उल्लेख गर्दै कारबाही औपचारिक रूपमा प्रारम्भ भएको पुष्टि गरिएको छ ।

एएफपीको लिखित जिज्ञासाको जवाफमा इजरायली सेनाले यो अपरेसन पूर्णतः नयाँ रहेको र सन् २०२५ जनवरीमा सुरु गरिएको पहिलेको आतङ्कवादविरोधी अभियानको निरन्तरता नभएको स्पष्ट पारेको छ । सो पुरानो अपरेसन मुख्यतः प्यालेस्टिनी शरणार्थी शिविरहरूलाई लक्षित गर्दै आएको थियो ।

सन् १९६७ देखि इजरायलद्वारा कब्जा गरिएको वेस्ट बैङ्कमा सन् २०२३ अक्टोबरमा हमासद्वारा गरिएको आक्रमणपछि सुरु भएको गाजा युद्धले हिंसा झनै चर्किएको छ । यद्यपि, गाजामा अक्टोबर १० देखि लागू भएको नाजुक युद्धविराम अहिले पनि औपचारिक रूपमा कायम भए पनि वेस्ट बैङ्कमा हिंसात्मक गतिविधि रोकिएको छैन ।

प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा आधारित एएफपीद्वारा सङ्कलित विवरणअनुसार गाजा युद्ध सुरु भएयता वेस्ट बैङ्कमा इजरायली सेना वा इजरायली बसोबासकर्ताद्वारा एक हजारभन्दा बढी प्यालेस्टिनीको ज्यान गएको छ । तीमध्ये धेरैजना सशस्त्र समूहका सदस्य भए पनि ठुलै सङ्ख्यामा सर्वसाधारण नागरिक पनि मारिएका छन् ।

# ट्रम्पद्वारा शान्ति सम्झौता अन्तिम गर्ने आशामा दूत विटकफलाई मस्को पठाउने तयारी

वासिङ्टन, १० मङ्सिर ( एएफपी) । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा जारी युद्ध अन्त्य गर्न लक्षित शान्ति सम्झौतालाई अन्तिम चरणमा पुऱ्याउने उद्देश्यसहित आगामी हप्ता आफ्ना विशेष दूत स्टिभ विटकफलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ताका लागि मस्को पठाइने जानकारी दिएका छन् ।

राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा जारी सन्देशमा शान्ति सम्झौतासम्बन्धी 'केवल केही विवादित बुँदाहरू मात्र बाँकी' रहेको बताउँदै दुवै पक्षबिच सहमति नजिकिएको सङ्केत गरेका छन् । यद्यपि, युरोपेली नेताहरूले सतर्क प्रतिक्रिया जनाइरहेका छन् भने रुसी मिसाइल हमलाहरू युक्रेनका विभिन्न स्थानमा निरन्तर जारी नै छन् ।

ट्रम्पले निकट भविष्यमा राष्ट्रपति पुटिन र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीसँग प्रत्यक्ष भेट गर्ने आशा व्यक्त गर्दै 'जब युद्ध अन्त्य गर्ने सम्झौता अन्तिम वा अन्तिम चरणमा पुग्छ, त्यसबेला भेट सम्भव हुनेछ' भनेर दाबी गरेका छन् ।

पछि, एयर फोर्स वनमा साथ रहेका पत्रकारहरूसँग कुराकानी गर्दै उनले आफ्ना ज्वाइँ जारेड कुशनर पनि विटकफको टोलीसँग मस्कोमा सहभागी हुनसक्ने जानकारी दिए ।

यसअघि विटकफ र पुटिनका विदेश नीति सल्लाहकारबिच भएका संवादकै आधारमा वासिङ्टनले अघि सारेको २८-सूत्रीय शान्ति प्रस्ताव तयार भएको हुनसक्ने चर्चा छ । ब्लुमबर्गले सार्वजनिक गरेको वार्ताको प्रतिलिपिअनुसार विटकफले 'गाजामा अपनाइएका उपायजस्तै युक्रेनका लागि २०-सूत्रीय शान्ति योजना बनाउन' सुझाव दिँदै पुटिनलाई उक्त प्रस्ताव ट्रम्पसमक्ष प्रस्तुत गर्न आग्रह गरेका थिए ।

ट्रम्पद्वारा समर्थित प्रारम्भिक २८-सूत्रीय प्रस्ताव धेरै हदसम्म मस्कोलाई अनुकूल देखिएको भन्दै किएभले कडा असन्तुष्टि जनाएको थियो । हाल त्यसलाई प्रतिस्थापन गर्ने गरी युक्रेनका चासोलाई प्राथमिकता दिने नयाँ प्रस्ताव तयार गरिएको छ । प्रस्तावको अद्यावधिक संस्करणसँग परिचित एक अधिकारीले एएफपीलाई यसलाई 'पहिलेभन्दा उल्लेखनीय रूपमा राम्रो' भएको बताए ।

त्यसैबिच, अमेरिकी वार्ताकार डान ड्रिस्कोलले रुसी वरिष्ठ अधिकारीहरूसँगको भेटपछि उत्साहप्रद प्रगति भएको उल्लेख गर्दै 'वार्ता सकारात्मक छ र हामी आशावादी छौँ' भन्ने टिप्पणी गर्नुभएको छ । ह्वाइट हाउसले पनि 'महत्त्वपूर्ण प्रगति भएको' उल्लेख गर्दै तर अझै केही 'नाजुक तर कठिन विवरणहरू' बाँकी रहेको बताएको छ ।

युद्ध अन्त्यका लागि वार्तामा प्रगति भइरहेको ट्रम्पको दाबीका बाबजुद युरोपेली नेताहरू सतर्क देखिएका छन् । बेलायती प्रधानमन्त्री किर स्टार्मरले 'अझै लामो अनि कठिन मार्ग बाँकी छ' भनेर चेतावनी दिनुभएको छ ।

संशोधित शान्ति प्रस्तावमा युक्रेनको भावी सैन्य क्षमतासम्बन्धी एक महत्त्वपूर्ण संशोधन पनि समावेश गरिएको छ, जसअनुसार प्रारम्भिक छ लाखको सीमालाई बढाएर करिब आठ लाख सैन्यजनशक्ति कायम गर्न सकिने व्यवस्था राखिएको छ ।

युक्रेनी वार्ताकार रुस्तम उमरोभले संयुक्त राज्य अमेरिका र युक्रेनबिचको प्रस्तावित सम्झौतामा 'मूलभूत समझदारी' रहेको बताउनुभएको छ । तर, बाँकी विषयहरू 'उचित समयमा प्रत्यक्ष वार्तामार्फत' समाधान गर्नुपर्नेमा उहाँले स्पष्टीकरण दिनुभयो ।

युद्धको प्रभावबाट थकित युक्रेनी सेनाका सार्जन्ट इभान जादोन्त्सेभले पनि वार्तालाई 'सकारात्मक' ठहर गर्दै 'हामी पनि युद्धबाट अत्यधिक थकित छौँ, हामीलाई शान्ति र विश्राम आवश्यक छ' भन्ने प्रतिक्रिया दिनुभएको छ । तर, अहिले प्रस्तावित अमेरिकी र युरोपेली सङ्घ (ईयू) का कागजातहरूले 'पूर्णरूपमा युक्रेनको राष्ट्रिय हितलाई सम्बोधन नगरेको' उहाँको टिप्पणी पनि रह्यो ।

रुसले हाल युक्रेनको करिब २० प्रतिशित भाग कब्जामा राखिरहेको छ, जसको ठुलो हिस्सा युद्धले ध्वस्त पारिएको छ । युद्धका कारण हजारौँ सैनिक र नागरिकले ज्यान गुमाइसकेका छन् र लाखौँ मानिस देशका पूर्वी भागबाट विस्थापित हुन बाध्य भएका छन् ।


# सिम्रौनगढको पुरातात्त्विक महत्त्व-१

सृजना प्रजापति

**लेख सार**


सिम्रौनगढको ऐतिहासिक र पुरातात्त्विक वस्तुको आधारमा यस क्षेत्रको पुरातात्त्विक महत्त्व प्रकाश पार्ने यस लेखको मुख्य उद्देश्य रहेको छ। हाल बारा जिल्ला, नेपालमा पर्ने यस स्थानको नाम कसरी रहन गयो र यहाँका अवशेषले कति पुरानो इतिहास बोकेको छ भनी यो लेखमा प्रकाश पारिएको छ। यसको लागि ऐतिहासिक लेखन, किंवदन्ती र भनाइसमेत यसमा समावेश गरिएको छ। यस्ता भनाइ र लिखित यात्रा वर्णनहरूलाई पुष्टि गर्न पुरातात्त्विक उत्खनन् अभिलेख र मूर्तिहरूको विस्तृत अध्ययन गरिएको सामग्री प्रयोग गरिएको छ। करिब ३० वर्षअगाडिको पुरातात्त्विक उत्खननबाट प्राप्त वस्तुको विश्लेषण गरिएको रिपोर्टको अध्ययन र हालसालैको उत्खनन्को समेत परिणाम यस लेखमा प्रयोग भएका छन्। पहिलेको उत्खननले प्राप्त माटाका भाँडालाई परीक्षण गर्न हस्तिनापुर, वैशाली र गङ्गा क्षेत्रमा पहिले पाइएका सामग्रीसँग तुलनात्मक अध्ययन गरिएको थियो। यसैगरी अभिलेखमा प्रयोग भएका अक्षरहरूको पनि सूक्ष्म अध्ययन गरिएका सामग्रीले पनि यस स्थानको इतिहासलाई थप आधार प्रदान गर्‍यो। अहिले पनि यत्रतत्र पाइने मूर्तिकलाको अध्ययनले यस स्थानको इतिहास वैभवशाली रहेको बताइरहेका छन्। यी सम्पूर्ण पुरातात्त्विक वस्तुको आधारमा सिम्रौनगढको इतिहासलाई पूर्व मध्यकालसम्म पुर्‍याएको छ।

**शब्द कुञ्जिका :** सिमौनगढ, पुरातात्त्विक वस्तु, मूर्तिकला, अभिलेख।




**परिचय**

नेपालको मध्यकालका तीन राज्यहरूमध्ये सिम्रौनगढ पनि एक हो। यो ई.सं. १०९७ - १३२५ सम्म प्राचीन मिथिलाको राजधानी थियो। यो राज्य हाल नेपालको बारा जिल्ला, प्रदेश नं.२ मा पर्छ। नेपालतर्फ ५.५ कि.मि. उत्तर/दक्षिण लम्बाइ र ४.० किमि पूर्व/पश्चिम चौडाइ पर्छ (त.नं.१)। अहिले पनि यस स्थानमा थुप्रै पुरातात्त्विक स्थल र पोखरीहरू रहेका छन् (त.नं.२)। तिनीहरूमध्ये कंकाली मन्दिर, रानीवास र खजानीमा केही पुराना तथा नयाँ मन्दिरहरू छन्। पोखरीहरूमा इशरा, चारढोङ र झझोखर पोखरी अझै बाँकी छन्। यहाँ थुप्रै मूर्तिहरू यत्रतत्र पाइन्छन्। यसबाट सिम्रौनगढ एक ऐतिहासिक स्थल रहेको थाहा हुन्छ।




सिम्रौनगढको नाम तिरहुत, डोयहरूको राजधानी, सिमरावनगढ, सिमध:निगु गढ हुँदै हाल सिम्रौनगढ रहन पुगेको हो। "सिमरा नामक वनभित्र बनाइएको सहर हुनाले 'सिमरा बनगढ' भनिएको र त्यसैको अपभ्रंश भई सिम्रौनगढ हुन गएको हो" (श्रेष्ठ, २०४४ : १६१)। त्यसैगरी एकैरातमा राक्षसहरूले बनाइदिएको सहर बिहान हेर्दा अलि नसिधिएको जस्तो देखिएको कारण त्यसबेलाका नान्यदेवले नेपालभाषामा 'सिमध:निगु गढ' राखेका थिए (श्रेष्ठ, २०४४) जसको अर्थ 'पूरा भइनसकेको राजधानी' भन्ने हुन्छ। "पहाड खण्ड र मधेस खण्डको सीमान्तवर्ती दुर्ग हुनाले 'सिमाङगढ' भनिएको मानिन्छ" (*श्रेष्ठ, २०६७: ४४१*)। यसरी यस सहरको फरक नामलाई विभिन्न किसिमले अर्थ्याइएको छ।

सिम्रौनगढ क्षेत्र धेरै समय खण्डहरको रूपमा थियो। नेपाल सरकारको पुरातत्त्व विभागको अगुवाइमा ई.सं. १९९१, १९९२ र १९९४ मा पुरातात्त्विक उत्खनन् कार्यहरू भएका थिए (दर्नाल, ई.सं. २०१८)। जसमा थुप्रै पुरातात्त्विक अवशेषहरू प्राप्त भएका थिए। यी पुरातात्त्विक वस्तुहरूको विस्तृत अध्ययनबाट सिम्रौनगढको प्रामाणिक इतिहास खोतल्न मद्दत गरेको छ।

पुरातात्त्विक अन्वेषण, अभिलेख र मूर्तिहरूको अध्ययनलाई यस लेखमा प्रयोग गरिएको छ। त्यस स्थानमा पाइएका मूर्तिहरूको गुण र शैलीको विश्लेषण गरिएका लेख पनि प्रयोग भएका छन्। विभिन्न अध्ययनमा या त ऐतिहासिक या त पुरातात्त्विक अन्वेषणलाई छुट्टाछुट्टै लेख या पुस्तक लेखिएका छन्। संयुक्तरूपमा पुरातात्त्विक विश्लेषणमार्फत सिम्रौनगढको ऐतिहासिकतालाई पुष्टि गरिएको भेटिँदैन। यही अनुसन्धान रिक्तता परिपूर्ति यस कार्यपत्रले गर्नेछ। यस कार्यपत्रमार्फत निम्न शोध प्रश्नहरूका साथ अध्ययनको उद्देश्यलाई समेट्ने कोसिस गरिनेछ।

- सिम्रौनगढको किंवदन्ती र ऐतिहासिकता के के हुन्?
- सिम्रौनगढमा पाइएका मूर्तिहरूको गुण र शैलीले यसको ऐतिहासिकता कहाँसम्म पुर्‍याउँछ?
- सिम्रौनगढको पुरातात्त्विक वस्तुहरूको विश्लेषणमार्फत कसरी ऐतिहासिकता पुष्टि हुन्छ?

**अनुसन्धान विधि**

यस कार्यपत्रको लागि गुणात्मक विधि अपनाइएको छ। यसको लागि विभिन्न स्रोतहरूको प्रयोग गरिएको छ। ऐतिहासिकता उल्लेख भएका पुस्तक, लेख तथा पुरातात्त्विक अन्वेषणपछिको विश्लेषणात्मक रिपोर्टहरूको विस्तृत अध्ययन गरिएको छ। प्राथमिक स्रोतका लागि सिम्रौनगढ पुग्न नसकिए पनि राष्ट्रिय सङ्ग्रहालय, छाउनीमा रहेका मूर्तिहरूको अवलोकन, सोही क्षेत्रका विज्ञहरूसँग छलफल र सामाजिक सञ्जालहरूबाट हालसालैको अवस्थिति बुझिएको छ। सोही प्रयासअनुरूप भर्खरै भएको पुरातात्त्विक उत्खननबाट प्राप्त प्रारम्भिक परिणामसमेत यस कार्यपत्रमा समावेश गरिएको छ। थापाथली इन्जिनियरिङ कलेजका विद्यार्थीहरूले गरेको स्थलगत भ्रमण र तयार पारेको रिपोर्ट पनि यस कार्यपत्रमा प्रयोग गरिएको छ। विश्लेषणका निम्ति रिपोर्ट, लेख, पुस्तकहरूको प्रयोग गरी त्रिकोणात्मक विधिले तथ्यहरू जाँच गरिएका छन्।

**मुख्य प्राप्तिहरू**

**सिम्रौनगढको ऐतिहासिकता**

सिम्रौनगढ प्राचीन तिरहुत राज्यको राजधानी थियो। जसलाई नान्यदेवले ई.सं. १०९७ मा स्थापना गरेका थिए (*चिमिनो, १९८६*)। नान्यदेव दक्षिण भारतको कर्नाटक क्षेत्रबाट आएका थिए। विशेषगरी चालुक्य साम्राज्यसँग उनको सम्बन्ध रहेको मानिन्छ (*मिश्र, २०२१*)। एउटा किंवदन्तीअनुसार, चालुक्य राजा विक्रमादित्य षष्ठको सेनामा उच्च पदमा रहेका नान्यदेव उत्तर भारत अभियानको क्रममा मिथिला क्षेत्रमा आइपुगे। नान्यदेवपछि छ जना कर्नाटवंशका राजाले २२७ वर्ष शासन गरे। अन्तिम शासक हरिसिंह देवको पालामा गयासुद्दीनको आक्रमणको कारण भाग्नुपर्‍यो। उनी आफ्ना परिवार र इष्ट देवी तुलजा (तलेजु) भवानी साथै लिई उत्तरतर्फ आएका थिए। त्यही क्रममा दोलखामा वि.सं.१३८२ माघमा उनको मृत्यु भएको थियो। उनका रानी र छोरा भने भक्तपुरमा शरण लिन आए (*बज्राचार्य, वि.सं.२०६४*)।

त्यसैकारण भक्तपुरमा सिम्रौनगढको प्रभाव र सम्बन्ध रहेको केही प्रमाण हालसम्म पनि पाइन्छ। अहिले पनि दसैँको दिनमा भक्तपुरका राजा र सिम्रौनगढबाट आएका एक व्यापारीको अभिनयात्मक रूपमा संवाद हुने गर्छ। सो संवादमा राजाले "एक दामको नौ पाथी चामल आउँछ?" भनेर सोध्ने गरिन्छ। व्यापारीले "हजुर, अझै आउँछ।" भनेर जवाफ दिने गरिन्छ। त्यसैगरी, उता सामानहरू सस्तो छ कि छैन, सबैलाई सञ्चै छ कि छैन..... । यस्तै संवादपछि राजाले आफूलाई के ल्याइदिएको छौ भनी सोध्दा, व्यापारीले राजा र तलेजुको लागि बिमिरा फल ल्याइदिएको जवाफसँगै संवाद टुङ्गिन्छ (*लेवी, ई.सं. १९९२*)।

अर्को ऐतिहासिक प्रमाणको रूपमा एक तिब्बेति भिक्षु धम्मस्वामी इ.सं.१२३६ मा सिम्रौनगढ आएका थिए। उनले आफ्नो यात्रा विवरणमा त्यहाँ ठुलो सहर जहाँ ६,००,००० घरहरू भएको कुरा उल्लेख गरेका छन्। उनले सात तहसम्म सुरक्षा पर्खाल भएको कुरा पनि लेखेका थिए (*पाण्डेय, वि.सं.२०८०*)। अर्को ऐतिहासिक प्रमाणको रूपमा ई.सं. १७४० मा इटालियन मिसिनरिको रूपमा, फादर क्यासियानो सिम्रौनगढकै बाटो हुँदै नेपाल आएका थिए (*न.नं.१*)। उनले यहाँ भग्नावशेषहरू देखेको र भक्तपुर पुग्दा त्यसबारे सोधेको कुरा आफ्नो डायरीमा उल्लेख गरेका थिए (*चिमिनो, इ.सं.१९८६; लुडेन, ई.सं. १९९४*)। त्यसै बेला भक्तपुर दरबारमा उनले सिम्रौनगढको सहरको नक्सा ढुङ्गामा र चाँदीका मुद्रामा समेत कुँदिएको देखेको आफ्नो डायरीमा टिपेका थिए। उनले आफ्नो डायरीमा सोही नक्साको खेस्रा (न.नं.२) समेत कोरेका थिए (*चिमिनो, इ.सं.१९८६; लुडेन, इ.सं.१९९४*)। त्यस्तै, सिम्रौनगढको ऐतिहासिक कुराहरू मुस्लिमहरूको फेरिस्ता र अन्य केही यात्रीहरूले पनि बताएका छन् (*चिमिनो, १९८६*)।

हाल सिम्रौनगढको वैभवशाली इतिहास कागजका पानामा मात्र सीमित रहन गएको छ। सिम्रौनगढमा हाल केही भग्नावशेष, मूर्ति, पोखरी, राणाकालीन समयमा थपिएका संरचनाहरू र आधुनिक केही संरचना मात्र देख्न पाइन्छ। पुरातात्त्विक उत्खननबाट फेला परेका केही सामग्रीको चर्चा तल गरिएको छ। अझै पनि धेरै उत्खनन् गर्न बाँकी नै रहेको छ।

यस कार्यपत्रमा यथास्थितिका सम्पदाहरू, मूर्ति, अभिलेख र पुरातात्त्विक अन्वेषणहरूको बारे तल चर्चा गरिनेछ। यस क्षेत्रका थुप्रै सम्पदाहरूमध्ये केहीको मात्र यहाँ चर्चा गरिएको छ।

**कङ्काली माई मन्दिर र परिसर**


यो मन्दिर सिम्रौनगढ बजारको दक्षिण पूर्वमा पर्छ। यो एक शक्ति पीठको रूपमा रहेको छ। यहाँ पहिले बलि पनि चढाइन्थ्यो, हाल भने बलि निषेधित गरिएको छ (*पाण्डेय, वि.सं.२०८०: पृ.१०३*)। राम नवमीको दिनमा यहाँ विशेष मेला लाग्छ। हालको मन्दिर (त.नं.३) वि.सं.१९१० मा पुन: निर्माण गरिएको हो (*रिपोर्ट, इ.सं.२०१९*)। यसरी पुन: निर्माण गरिँदा पाल-सेन शैलीका मन्दिरका भग्नावशेष छोपिएको छ (*भिडाले र लुग्ली, २०४८*)। यहाँको मूर्तिको शैली हेर्दा १२ शताब्दीको देखिन्छ (*रिपोर्ट, ई.सं.२०१९*)। साथै परिसरको एक घण्टा ल.सं.१९९ (वि.सं. १३४८) लेखिएको छ (*पाण्डेय, २०८०*)। यो मन्दिर ३८' x ३८' को वर्गाकार आधारमा एक तल्ला बनाई त्यसमाथि शिखर शैली थपिएको छ। मन्दिरको उचाइ ५१' बनाइएको छ। मन्दिरको चारैतिर अर्धगोलाकार (Arch) खालको खुला दलान बनाइएको छ। मूर्ति पूर्वतर्फ फर्काइएको छ। कंकाली माइको मूर्ति कालो प्रस्तरको ४'-६' को उचाइको रहेको छ। यो मन्दिरको संरचना ईँट र चुनाको मसला लगाई बनाइएको हो। तर, बाहिरी रङ्ग भने चहकिलो आधुनिक रङ्ग प्रयोग गरिएको देखिन्छ।

यसै मन्दिरको परिसरमा इसरा पोखरी (त.नं.४) पनि रहेको छ। यो आठ बिगाहामा फैलिएको छ (*पाण्डेय, २०८०*)। यो पोखरी मन्दिर परिसरको पूर्वतर्फ पर्छ। यसै मन्दिर परिसरमा अन्य स-साना मन्दिरहरू पनि रहेका छन्। यसमा मनसरा बाबा, विष्णु, शिव, पार्वती, विश्वकर्मा आदिका मन्दिर पर्दछन्। साथै भैरवलाई पूजा गर्ने स्थान र नयाँ विष्णु मन्दिर पनि बनिरहेको छ (रिपोर्ट, ई.सं.२०१९)। परिसरमा मन्दिरबाहेक महन्तको कोठा, भण्डार घर, पुजारीको घरको भग्नावशेष र सार्वजनिक शौचालय पनि रहेको छ। यसरी कंकाली मन्दिर परिसर केही मन्दिर, पोखरी र खुला स्थानसमेत रहेको छ।


**रानीवास दरबार क्षेत्र**

यो क्षेत्र कंकाली माइको मन्दिरबाट २ कि.मि. पश्चिमतर्फ पर्दछ। हाल यसलाई अमृतगन्ज भनिन्छ। जनश्रुतिअनुसार र परिसरको एक शिलालेखका अनुसार यहाँ नरसिंह देवले आफ्नो रानीका लागि दरबार बनाएका थिए (*पाण्डेय, २०८०*)। मध्यकालका पाल-सेन शैलीकै मूर्तिहरू र शिखर शैलीका आकृति कुँदिएका प्रस्तरका ब्लकहरू यत्रतत्र पाइन्छन्। ती ब्लकहरू पछि जितजङ्गको समयमा बनाइएको मन्दिरको पेटीमा र यत्रतत्र देखिन्छन्। जसले यो स्थान राणाकालभन्दा पूर्वको भएको देखाउँछ (*त.नं.५*)।

यो क्षेत्रमा रहेको एक शिखर शैलीको मन्दिर भने जितजङ्गको पालामा बनाइएको थियो (*त.नं.५*)। यसको अभिलेख त्यहाँ चढाइएको घण्टमा उल्लेख गरिएको छ। मन्दिरभित्र राम जानकीको मूर्ति अगाडि जङ्गबहादुरको परिवारको पाँचवटा प्रस्तरमा शालिक (त.नं.९) रहेको छ। यो मन्दिरलाई दुईतले सत्तलले (त.नं.५) चारैतर्फ घेरिएको छ। जुन भर्खरै पुन:निर्माण गरिएको छ। सत्तलको पुन:निर्माण चुना सुर्कि गारो र काठका दलिन प्रयोग गरिएको छ। मन्दिरलाई भने पुरै प्लास्टर गरी रङ्ग्याइएको छ। यहाँको पुरानो बाँकी काष्ठकलामा विशेष खालको बाघको टाउको कुँदिएको छ। अरु निर्माण शैली राणाकालीन रहेको छ। सत्तल भित्रै र वरपर पाइएका मूर्तिहरूलाई सङ्ग्रहालयको रूपमा सजाइ राखिएको छ।




यसको परिसरमा अन्य पुरातात्त्विक भग्नावशेष पनि रहेको छ। जसमा घोडाको तबेला, थुनुवा घर आदि हुन्। यी भग्नावशेषमा थुनुवा घर (त.नं.६) मात्रै देव राजाहरूको बाँकी अवशेषजस्तो देखिन्छ। स्थानीय पुजारी अनिरुद्ध मिश्रका अनुसार यो कैदी राख्नका लागि बनाइएको थियो। जहाँ चारैतिर साना साना प्वालमाथि छन् (*रिपोर्ट, इ.सं.२०१९*)। अर्को तबेला भने राणाकालीन देखिन्छ। आर्क (Arches), कार्नेस र पिलास्टरले यो शैली देखाउँछ।



Pianta della Citta di Scimangada, e suoi Recinti.

यी दुई महत्त्वपूर्ण क्षेत्र जस्तै अन्य थुप्रै पुरातात्त्विक साइट यहाँ पाइन्छन्। त्यस्तै, कति त उत्खनन् हुन बाँकी नै छ। अन्य क्षेत्रहरूमा खजानी, हरिहरपुर, कोतवाली, इटवालगाउँ, मूर्तिया र पलकिया माई (तुलजा) आदि हुन्। सिम्रौनगढको अर्को महत्त्वपूर्ण सम्पदाहरूमा पोखरीहरू पनि पर्दछ। यहाँ पहिले थुप्रै ऐतिहासिक पोखरीहरू थिए। पहिले त्यहाँ ५२ वटा पोखरीहरू थिए (पाण्डेय, २०८०) हाल पनि केही पोखरीहरू बाँकी नै छन्।

**सिम्रौनगढका मूर्तिहरू**

सिम्रौनगढका हरेक पुरातात्त्विक स्थान वरपर जताततै काला (Chlorite) प्रस्तरका मूर्तिहरू (त.नं.८) पाइन्छन्। यो ढुङ्गा करिब २५ माइल उत्तरतर्फको पहाडबाट ल्याइएको हुनसक्छ (*चिमिनो, १९८६*)। यो प्राय: पाल-सेन शैलीका हुन्। मूर्तिको कला, तालमान उत्कृष्ट रहेको छ। केही खण्डित प्रस्तरका टुक्राहरूमा समेत कमलका फूलका आकृति, फूलका लहराहरू पाइन्छन्। यहाँका उत्कृष्ट चार मूर्तिहरू राष्ट्रिय सङ्ग्रहालय, छाउनी, काठमाडौँमा ल्याएर राखिएका छन्। तिनीहरू विष्णु, ब्रह्मा, सिंह बाहिनी दुर्गा र नागराज (त.नं.९) रहेका छन्। हड्सनले भने २० वटा मूर्तिहरू काठमाडौँ र पाटनका सङ्ग्रहालयमा ल्याइएको बताइएका छन्। हड्सनको सूचनाका आधारमा सिम्रौनगढ पुगेर त्यहाँका केही मूर्तिहरूको सूक्ष्म अन्वेषण गरिएको थियो जसबाट पनि यी मूर्तिहरूमा पाल सेन प्रभाव रहेको बताएका छन् (*बालिङ्गर, ई.सं. १९७३*)।

यी मूर्तिहरूको प्रतिमाहरूको शैली हेर्दा १२ औं शताब्दीको पछिल्लो समयमा बनेको देखिन्छ। पादपिठका कमलमा जरासमेत देखाउने शैली बिहार र उत्तर बङ्गालको हो जुन माथिका चारै मूर्तिमा पाइन्छ। जिउ र छिनेको कम्मरमा पाल-सेनको प्रभाव देखिन्छ। त्यसैगरी, चुच्चो चिउँदो, मोटो Eye lid र ठुला-चौडा आँखा यसका मुखाकृतिमा झल्किन्छन् (*चिमिनो, १९८६*)। अन्य मूर्तिहरू खजानी, मूर्तिया, रानीवास र कंकाली मन्दिर परिसरमा छरपस्ट रहेको छ। यी मूर्तिहरूमा मुरली बजाउँदै गरेका कृष्ण, महिष मर्दिनी, विष्णु, गणेश आदि हुन्। केही मूर्तिहरू रानीवास सत्तलमा सङ्ग्रहालय बनाई सजाएर राखिएका छन्।

यी मूर्तिहरूबाहेक हरिहरपुरमा प्रस्तरको सन्दुक (त.नं.८) र प्रस्तरकै ठुलो खम्बा पनि रहेको छ। जुन ठाउँलाई पालकिया माइ पनि भनिन्छ। तुलजा वा तलेजु भनेर काठमाडौं उपत्यकामा प्रख्यात देवी नै उता पालकिया माइ भनेर चिनिन्छ। यहाँ हाल एक मात्रै मोटो, अग्लो र कलात्मक खम्बा रहेको छ।

# अरनिको राजमार्गअन्तर्गत धुलिखेल–खावा सडक विस्तार सुरु

काभ्रेपलाञ्चोक, १० मङ्सिर । अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको रोकिएको स्तरोन्नति पुन: सुरु भएको छ । नयाँ निर्माण कम्पनीसँग गत कार्तिकमा सम्झौता गरिएपछि पुन:स्तरोन्नतिको काम सुरु भएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी पुन: ठेक्का आह्वान गरी सी-एन ए-वान काली जेभीसँग सम्झौता गरिएको हो । भ्याटबाहेक रु. ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता भएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो चरणमा आगामी चैतसम्ममा फराकिलो स्थानमा कालोपत्र सक्ने र बाँकी काम क्रमश: गर्दै निर्धारित समयमा सकिने छ । विभिन्न स्थानमा कटिङसँगै पुन: विस्तारको काम सुरु भएको हो ।

निर्माणमा आएको ढिलासुस्तीका कारण तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बनेको छ । भक्तपुरले चालु आर्थिक वर्षको सुरुआतसँगै सडक पुन: विस्तार गर्न बोलपत्र आह्वान गरेको थियो । कार्यलयले पुरानो ठेक्का रद्द गरेको साढे चार महिनापछि गत साउनमा पुन: बोलपत्र आह्वान गरेको थियो ।

चार किलोमिटर दूरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमा सक्नेमा आशावादी भएको योगेशको भनाइ छ । उहाँका अनुसार उक्त सडक तोकिएको समयमा सम्पन्न नभएपछि कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेलगत्तै निर्माण व्यवसायीले उच्च अदालत पाटनमा मुद्दा हालेका छन् ।

उक्त मुद्दा गत असार २५ गते खारेज भई अदालतको आदेशानुसार पुन:ठेक्का खोल्ने प्रक्रिया अघि बढाइएको सिनियर डिभिजनल इञ्जिनियर योगेशले बताउनुभयो । "त्यतिबेला कम्पनीले लिखित स्पष्टीकरण दिए पनि सन्तोषजक, भरपर्दो र विश्वसनीय नदेखिएपछि ठेक्का रद्द गर्ने निष्कर्षमा पुगेका थियौँ । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो", उहाँले भन्नुभयो ।

अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकका रूपमा यो मार्ग प्रयोग हुन्छ । उक्त राजमार्ग समयमा नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबिच यात्रा गर्न बाध्य छन् ।

जिल्ला सदरमुकाम धुलिखेलबाट खावासम्मको सडक विस्तारका लागि विसं २०८० चैत १९ गतेभित्र सम्पन्न गर्नेगरी विसं २०७९ जेठ २० गते रु. २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का सम्झौता भएको थियो ।

हालसम्म धुलिखेल बसपार्कबाट जिपलाइनसम्म डाँडा कटिङको काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेनवाल लगाउने काम भएको छ । जिपलाइन स्थानबाट तल खावासम्मको सडकमात्रै भत्काइएको जनाउँदै योगेशले एक किमी भागमा कटिङ बाँकी रहेको बताउनुभयो ।

विसं २०८१ जेठमा धुलिखेलतर्फबाट वेस, सव-वेस हाल्ने काम सुरु गरिए पनि पटकपटकको वर्षामा सबै बगाएर खण्डहर बनाएको थियो । निर्माणमा आलटाल गर्दै आएकाले समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि ठेकेदार कम्पनीले २५ प्रतिशत मात्र काम सकेको थियो ।

समयमा काम नसकिँदा पुनर्निर्माणका लागि भत्काइएको सडकमा दुर्घटना हुँदा सयौँ यात्री घाइते भइसकेका छन् । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटर फराकिलो बनाई कालोपत्र गर्न लागिएको हो ।

उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन कार्यालयले नेपालमा पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको वेस हाल्ने तथा दुई चरणमा डिबिएम र आस्फाल कालोपत्र गर्ने योजना बनाएको छ ।

*रासस*

# सेजको भाडादर घट्दा उद्योगी उत्साहित

भैरहवा (रुपन्देही), १० मङ्सिर । भैरहवामा सञ्चालनमा रहेको विशेष आर्थिक क्षेत्र (सेज) मा सरकारले भाडादर घटाएपछि यहाँका उद्योगी उत्साहित भएका छन् ।

पछिल्लो विविध समस्याका बाबजुद उद्योगीहरू सेजप्रति आकर्षित भएका छन् । विशेष आर्थिक क्षेत्र प्राधिकरणले सेजमा देखिएका समस्या समाधान गर्दै लैजाने र कानुनमा भएका केही संशोधनका कारण सेजमा उद्योगीहरू आकर्षित भएका हुन् ।

भैरहवाको विशेष आर्थिक क्षेत्रमा अहिले एउटा पनि प्लट खाली छैनन् । ५२ बिघामा रहेका सम्पूर्ण ६८ प्लटहरू भाडामा गइसकेको भैरहवा विशेष आर्थिक क्षेत्रका कार्यालय प्रमुख इन्जिनियर सबुत डुम्रेले बताउनुभयो । ६८ वटा प्लटमध्ये ५२ वटामा उद्योग खोलिएका छन् भने १६ वटा प्लट पनि भाडामा गइसकेको र उद्योगहरू निर्माणाधीन अवस्थामा रहेको डुम्रेले जानकारी दिनुभयो ।

अहिले सेजमा शक्ति मिनरल्स प्रालि, विस्तार ग्लोबल प्रालि, तिरुपति मेटल प्रालि, ब्रिलियन्ट लाइटिङ इण्डष्ट्री, हिमालय ग्रेनाइट प्रालि, इको नेपाल ईनर्जी प्रालि, आर्शी इण्डष्ट्रिज, एस पोलिमर्स, हिमालय इको इण्डष्ट्रिज प्रालि, सिपी मेटल प्रालि र स्वस्तिक उद्योग प्रालि सञ्चालनमा रहेका छन् ।

यस्तै सुपर इलेक्ट्रिक प्रालि, इमिटेशन मेटल प्रालि, डाटा वर्ल्ड प्रालि, डिआईएल ग्लोबल प्रालि, अलमाईटी ओभरसिज प्रालि, ओबिटी नेपाल प्रालि र गार्मेन्ट गियर प्रालि निर्माणाधीन अवस्थामा रहेका छन् । सेजमा रहेको पञ्चकन्या समूहको पञ्चकन्या एसएस एक्सपोर्ट प्रालि र जय बुद्ध मेटल क्राफ्ट प्रालि भने बन्द भएका छन् ।

महँगो भाडा, निर्यात सीमामा देखिएको कठिनाइ, उद्योगलाई कर्जालगायतको समस्या सेजमा रहेका उद्योगीहरूको गुनासो भएकोमा सरकारले यी विषयहरूलाई सम्बोधन गर्दै लगेको छ ।

विशेष आर्थिक क्षेत्र भैरहवामा सुरुमा प्रतिवर्गमिटर रु. १५० भाडादर तोकिएको थियो । भाडादर अत्याधिक रहेको भन्दै सेजमा उद्योगहरू आउन नमानेपछि त्यसलाई संशोधन गरेर प्रतिवर्गमिटर रु. २० मा ल्याइएको थियो । रु. २० मा पनि उद्योगीहरूको चित्त बुझिरहेको थिएन । उनीहरूले अझै भाडा घटाउनुपर्ने माग राख्दै आएका थिए । मङ्सिर ८ गते बसेको मन्त्रिपरिषद्को बैठकले भैरहवा सेजमा भाडा रु. २० बाट घटाएर अहिले रु. पाँच प्रतिवर्गमिटर लिने निर्णय गरेको छ ।

यस्तै विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगबाट उत्पादन गरेको कम्तीमा ६० प्रतिशत वस्तु वा सेवा निर्यात गर्नुपर्ने व्यवस्था गरेको थियो । यसलाई मिति २०८१/१/१६ मा लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबमोजिम सो प्रावधानलाई संशोधन गरी उत्पादन सुरू गरेको मितिले चार वर्षसम्म उत्पादनको कम्तीमा १५ प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा ३० प्रतिशत वस्तु तथा सेवा निर्यात गर्नुपर्ने व्यवस्था बनाइएको छ ।

यस्तै उपदफा (२) मा रहेको अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले एक वर्षभित्र त्यस्तो उद्योगबाट उत्पादन गरेको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्नसक्ने प्रावधानलाई तीन वर्ष बनाइएको छ ।

सुरुमा अनुमतिपत्र लिई वा दर्ता भई सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्न नसक्ने छैन र प्रयोगमा ल्याइसकेका मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा प्रयोग वा हस्तान्तरण गर्न नसकिने व्यवस्था गरेको थियो । हाल सोलाई संशोधन गरी विशेष अर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चलान गर्न सक्ने व्यवस्था गरिएको छ ।

सेज नाफा कमाउन नभई नेपालमा रहेका उद्योगीलाई अधिकतम अवसरहरू प्रदान गर्ने उद्देश्यले खोलिएकोले यसका लागि उद्योगीहरूलाई आवश्यक वातावरण मिलाउन प्राधिकरणले अधिकतम लचकता अपनाउने डुम्रेको जिकिर छ ।

मन्त्रिपरिषद्को बैठकले सेजको भाडा घटाएपछि यहाँका उद्योगीहरूले खुसी व्यक्त गरेका छन् । उद्योगी व्यवसायीको छाता सङ्गठन सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले उद्योगीहरूको माग सम्बोधन भएको बताउनुभयो । उहाँले पहिलेदेखि नै सेजको भाडा रु. पाँचभन्दा बढी नराख्न आग्रह गरिँदै आएकोमा बल्ल आएर त्यो सम्बोधन भएको जनाउनुभयो ।

आचार्यले सरकारले अझै गर्नुपर्ने धेरै काम गर्न बाँकी रहेको जनाउनुभयो । विशेषत: सेजको मूल मर्म एकद्वार प्रणाली अहिलेसम्म पनि लागू गर्न नसकेको बताउँदै उहाँले यसको सहजीकरण गर्न आग्रह गर्नुभयो । यससँगै सेजमा आवश्यक आधारभूत कुराहरू खानेपानी, विद्युत्, सरसफाइलगायतको समस्याहरू पनि रहेको उहाँको गुनासो छ ।

आर्थिक वर्ष २०७६/०७७ मा सेजबाट रु. १४ करोड ८० लाखका निर्यात बिक्री, रु. पाँच करोड ६४ लाखको आन्तरिक बिक्री गरी २० करोड ४४ लाखको बिक्री गरेको थियो ।

यसैगरी आव ०७७/०७८ मा रु. ८५ करोड ४७ लाखको निर्यात तथा रु. १८ करोड तीन लाखको आन्तरिक गरी रु. एक अर्ब तीन करोड ५० लाख, आर्थिक वर्ष ०७८/०७९ मा रु. ४२ करोड २४ लाख निर्यात ३० करोड ६६ लाखको आन्तरिक गरी ७२ करोड ९० लाखको बिक्री गरेको थियो ।

आर्थिक वर्ष ०७९/०८० मा रु. ४५ करोड ४१ लाखको निर्यात रु. ३८ करोड ७९ लाखको आन्तरिक गरी ८४ करोड ५९ लाखको बिक्री गरेको सेजले आव ०८०/०८१ मा रु. ६० करोड ३६ लाखको निर्यात तथा रु. ३१ करोड २४ लाख आन्तरिक गरी रु. ९१ करोड ६० लाखको बिक्री गरेको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ ।

आव ०८१/०८२ मा रु. ९८ करोड ९६ लाखको निर्यात बिक्री र रु ८९ करोड ७० लाखको आन्तरिक बिक्री गरी जम्मा रु. एक अर्ब ८८ करोड ६६ लाखको बिक्री गरेको थियो । चालु आवको असोज मसान्तसम्ममा १७ करोड ५३ लाख निर्यात बिक्री र रु. २८ करोड ४७ लाखको आन्तरिक बिक्री गरी रु. ४६ करोडको बिक्री सेजबाट भएको छ ।

सरकारले २०६० साल माघ १५ गते विशेष आर्थिक क्षेत्र आयोजना स्थापना गर्ने निर्णय गरेको थियो । विशेष आर्थिक क्षेत्र ऐन २०७३ अनुसार २०७३ असोज १८ गते प्राधिकरण स्थापना भएको हो । निर्यात प्रवर्द्धन, व्यापार घाटा घटाउने, रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन, विदेशी लगानी र प्रविधि भित्र्याउनेजस्ता उद्देश्य राखेर विशेष आर्थिक क्षेत्रको अवधारणा ल्याएर पाइलट परियोजनाको रुपमा भैरहवा सेज सञ्चालनमा रहेको छ ।

# गाजाका हजारौँ विस्थापितहरू सुरक्षित आश्रयको खोजीमा : यूएनआरडब्लूए

न्युयोर्क, १० मङ्सिर (क्यूएनए) । प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (यूएनआरडब्लूए) ले गाजा पट्टीमा हजारौँ विस्थापित मानिसहरूले दुई वर्ष लामो इजरायली युद्धपछि हालको चिसो मौसमको लागि सुरक्षित आश्रय खोज्न सङ्घर्ष गरिरहेको बुधबार बताएको छ ।

एजेन्सीले सामाजिक सञ्जाल एक्समार्फत सूचना सार्वजनिक गरेको हो । एजेन्सीका अनुसार उनीहरूसँग अस्थायी शिविरहरू सिर्जना गर्नुबाहेक कुनै विकल्प छैन भने थप आश्रयको आवश्यकता रहेको यूएनआरडब्लूएले उल्लेख गरेको छ ।

एजेन्सीले यूएनआरडब्लूएले व्यवस्थापन गरेको ८५ वटा आश्रय स्थलमा ७९ हजारभन्दा बढी विस्थापित व्यक्तिहरू बसोबास गरेको बताएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले हिजो गाजाका धेरै परिवारहरू बाढीको जोखिममा रहेको उल्लेख गर्दै उनीहरू कमजोर तथा सुविधा विहीन आश्रयस्थलहरूमा बसिरहेकाले खराब मौसमको अत्यधिक जोखिममा रहेको चेतावनी दिनुभएको छ ।


भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

**युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०९ गते

आ.व २०८२/०८३ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवम् आर्थिक रूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई युवा उद्यमशिलता प्रवर्द्धन ऋण प्रदान गर्ने भएकोले युवा उद्यमशिलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजातसहित भक्तपुर नगरपालिकाको प्रशासन शाखामा कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशिलता प्रवर्द्धन ऋणको लागि सिफारिस पत्र,
३. निवेदकको र अभिभावकको नागरिकता प्रतिलिपि,
४. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमति पत्र
५. सम्बन्धित व्यवसायको व्यवसायिक परियोजना प्रस्ताव
६. भ.न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र



भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

**अपाङ्गता दिवस मनाउने सम्बन्धी सूचना**

३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा निम्न मिति, समय र स्थानमा 'अपाङ्गता समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन' भन्ने राष्ट्रिय मूल नाराका साथ अपाङ्गता दिवस कार्यक्रम सञ्चालन हुने भएकोले भक्तपुर नगर क्षेत्रका सम्पूर्ण वर्गका अपाङ्गता भएका व्यक्तिहरू परिचयपत्रका साथ उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम**

**मिति** : २०८२।०८।१७ गते, बुधबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : १ नं. वडा कार्यालयको प्राङ्गण, भ.न.पा.१



भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भनपा २, ब्यासी, भक्तपुर

**सहुलियत दरमा कम्पोस्ट मल बिक्रीसम्बन्धी सूचना**

उपरोक्त विषयमा भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल २० किलोको प्रतिबोरा रु.३५०।- मा सर्वसाधारणको लागि बिक्री भइरहेकोमा कृषकहरूलाई मध्यनजर गरी सहुलियत दरमा २० किलोको प्रतिबोरा रु.२००।- मा उपलब्ध गराउने भनी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा